Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १८, अंक- ४५, २०८३ साल असार २ गते मंगलबार (June 16, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np
अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।
जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।
सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६
Email : janaakash .com .np@gmail .com

### रास्वपाको महाधिवेशनमा आकांक्षीको लर्को
# व्यवस्थापनमा थपिदो चुनौती



■ विनोद नेपाली

प्रतिनिधिसभामा झन्डै दुई (तिहाइ) बहुमत ल्याएको सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को आसन्न पहिलो महाधिवेशन नजिकिँदै जाँदा पदाधिकारीका बन्नका लागी आकांक्षीको लर्को लाग्न थालेको छ ।

रास्वपाको प्रस्तावित विधानमा १६ सदस्यीय पदाधिकारीको संरचना छ । सभापतिसहित १० जना दुई चरणमा हुने महाधिवेशनको हलबाट निर्वाचित हुनेछन् । ६ जना पदाधिकारी पार्टी सभापतिले मनोनीत गर्नेछन् । प्रस्तावित विधानमा तीन जना उपसभापति रहने व्यवस्था छ । तीन जना उपसभापतिमध्ये एक जना महिला अनिवार्य रहने प्रबन्ध गरिएको छ ।

एक महिला पदमा अहिले झन्डै सात जनाको नाम चर्चामा रहेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाको पहिलो राष्ट्रिय महाधिवेशन यही असार ७, ८ र ९ गते चितवनमा हुँदैछ । महाधिवेशन नजिकिँदै जाँदा पार्टीभित्र नेतृत्व चयन, नयाँ पुस्ताको उदय र आगामी राजनीतिक दिशाबारे चासो बढ्दो रहेको छ । विशेषगरी महाधिवेशनबाट चयन हुने केन्द्रीय नेतृत्वलाई लिएर कार्यकर्ता र समर्थकहरूबीच ठूलो उत्सुकता देखिएको छ । सभापति, उपसभापति, महामन्त्री लगायतका पदमा को को आउने भन्ने विषय अहिले सामाजिक सञ्जालमा बहस चलेको छ । कतिपयले प्रचार समेत थालिसकेका छन् ।

राजनीतिक विश्लेषकहरूका अनुसार सत्ता सञ्चालनको अनुभव प्राप्त गरिसकेको रास्वपाका लागि यो महाधिवेशन केवल नेतृत्व चयनको प्रक्रिया मात्र होइन, पार्टीको भविष्यको मार्ग पनि हो । पार्टीभित्र नयाँ र पुराना अनुहारबीचको प्रतिस्पर्धाले नेतृत्व चयनलाई थप रोचक बनाउने देखिएको छ । महाधिवेशनमा देशभरबाट हजारौं प्रतिनिधिको सहभागिता रहने यस महाधिवेशनमा पार्टीको संगठनात्मक शक्ति रास्वपाको पहिलो राष्ट्रिय महाधिवेशनले नेपाली राजनीतिमा वैकल्पिक शक्तिको रूपमा स्थापित हुन खोजिरहेको पार्टीको आगामी यात्राको आधारशिला हो । महाधिवेशनबाट आउने नयाँ नेतृत्व, नयाँ सोच र नयाँ रणनीति तयार गर्दै छ । रास्वपाले महिला उपसभापतिका लागि मौजुदा समितिकी कोषाध्यक्ष लिमा अधिकारी, (सहकोषाध्यक्ष) वसुमाया तामाङ, (सहप्रवक्ता) प्रतिभा रावल, सचिवालय सदस्यद्वय सोबिता गौतम, सरिताश्री ज्ञवाली, केन्द्रीय सदस्यद्वय इन्दिरा राना, समीक्षा बास्कोटाको नाम चर्चामा छ ।

दुई खुलामा उपसभापति पदमा अर्थमन्त्री स्वर्णिम वाग्लेको नाम पक्कापक्की छ । डोलप्रसाद अर्याल सभामुख भएकाले रिक्त रहेको पदमा सुनील लम्साल, विराजभक्त श्रेष्ठ, गणेश कार्की लगायतले दाबी गर्न सक्ने सम्भावना छ । अहिले लम्साल र कार्की बालेन समूहका भनेर चिनिएका छन् । लम्साल पूर्वाधार विकास मन्त्री छन् भने कार्की संसदीय समितिका सभापति छन पार्टी संस्थापकमध्येका श्रेष्ठ ऊर्जामन्त्री छन् । उनी मौजुदा केन्द्रीय समितिमा सचिवालय सदस्यको भूमिकामा छन् ।

दुई सदस्यीय महामन्त्रीमा पनि आकांक्षा राख्नेको सूची लामै छ । संस्थापकबाट कविन्द्र बुर्लाकोटी र बालेन समूहबाट भूपदेव शाह अहिले महामन्त्रीको भूमिकामा छन् । विपिन आचार्य, दीपक बोहरा, मनिष झा, प्रमोद न्यौपानेले पनि आकांक्षा राखेको देखिन्छ उपसभापति बन्ने सम्भावना क्षीण भए सोबिता गौतमले पनि महामन्त्री दाबी गर्ने सम्भावना रहेको देखिन्छ ।

बिपिन आचार्यले पार्टीको नीति निर्माणमा भूमिका खेल्दै आएका छन् । विभिन्न दस्तावेज तयार पार्नमा उनको योगदान देखिन्छ । संघीय र स्थानीय तह निर्वाचनमा उम्मेदवारका लागि रूपरेखा निर्माण, विधान मस्यौदा र प्रारम्भिक निर्वाचन खाका तयार पार्न उनले भूमिका खेलेका छन् । दीपक बोहरा पार्टीभित्र रविका विश्वासपात्र मानिन्छन् । पार्टी सभापति »बाकी ६ पृष्ठमा

## नेपाली जनताले प्रभावकारी सेवा प्रवाह, तीव्र विकास, शान्ति चाहेका छन् : राष्ट्रपति



**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली जनताले सुशासनमार्फत प्रभावकारी सेवा प्रवाह, मुलुकको तीव्र विकास, शान्ति र प्रगति चाहेको बताएका छन् ।

सोमबार लोकसेवा आयोगको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

राष्ट्रपति पौडेलले संघीय लोकतान्त्रिक गणतन्त्रको मुख्य लक्ष्य सुशासन, प्रभावकारी सेवा प्रवाह र मुलुकको तीव्र विकास भएको बताए । जनताको यो आकांक्षा पूरा गर्न राज्य संयन्त्रलाई समय अनुकूल जनमुखी, प्रविधिमैत्री र परिणाममुखी बनाउन आवश्यक रहेको उनको भनाइ थियो ।

संविधानले अङ्गीकार गरेको समावेशी लोकतन्त्रको मर्म अनुरूप योग्यता प्रणालीको रक्षा गर्न आजको आवश्यकता रहेको उल्लेख गर्दै उनले आयोगकै कारण मेहनती युवाहरूले लोकतान्त्रिक व्यवस्थामा आफ्नो भविष्य सुरक्षित देखेको बताए ।

उनले भने, 'राज्य सञ्चालनमा आवश्यक सरकारी निकायमा स्थायी सरकारका रूपमा रहने योग्य कर्मचारी छनोट गर्ने संवैधानिक जिम्मेवारी »बाकी ६ पृष्ठमा

## सांसदहरूलाई अर्थमन्त्री डा. वाग्लेको 'छेडखानी'



काठमाडौं- प्रतिनिधिसभामा विनियोजन विधेयकमाथिको सैद्धान्तिक छलफलमा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा अर्थमन्त्री डा. वाग्लेले सांसदहरूले अध्ययन नै नगरी प्रश्न उठाएको भन्दै व्यङ्ग्य गरेका छन् ।

विधेयकको पुस्तिका अध्ययन नगरी सुनेका भरमा टिप्पणी गरेको भन्दै अर्थमन्त्रीले सांसदहरूमाथि रोष्ट्रमबाटै छेडखानी गरेपछि संसदमा मन्त्रालयगत बजेट छलफल हुनुअगावै यो विषय चर्चामा आएको हो ।

शुक्रबार प्रतिनिधिसभामा विनियोजन विधेयकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन रोस्ट्रम पुगेर अर्थमन्त्री वाग्लेले विनियोजन विधेयकको एउटा पातलो पुस्तिका छ । माननीयजीहरू धेरैले पाउनुभएन जस्तो बुझेँ मैले । पाउनु भएको भए पनि त्यसको सेरोफेरोमा रहेर टिप्पणी गर्न भन्दा पनि समग्र बजेटको विनियोजन र सुनेका भरमा धेरै कुरा गर्नभयो कि भन्ने महसुस भयो ।'

सांसदहरूले पढ्दै नपढी प्रश्न गरेको भनेर उनले अझै थपेका छन्, 'पातलै छ यसो हेरेर आउनु भएको भए अलि डिस्कसन केन्द्रित हुन सक्थ्यो ।' विनियोजन विधेयकमाथि सैद्धान्तिक छलफलमा सांसदहरूले समग्रतामै »बाकी ६ पृष्ठमा

**नेपाल-चीन उच्चस्तरीय संवाद**

## कूटनीतिक र आर्थिक सहकार्य सुदृढ बनाउन दुवै देश सहमत



**काठमाडौं–** नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्धलाई थप मजबुत र प्रभावकारी बनाउन दुवै देशले साझा प्रतिबद्धता जनाएका छन् ।

चीनको चारदिने औपचारिक भ्रमणमा रहनुभएका नेपालका परराष्ट्रमन्त्री शिशिर खनाल र चिनियाँ विदेशमन्त्री वाङ यीबीच सोमबार बेइजिङमा भएको उच्चस्तरीय भेटवार्तापछि यो सहमति बनेको हो । सौहार्दपूर्ण वातावरणमा भएको उक्त भेटवार्तामा दुई देशको पारस्परिक हित, कूटनीतिक सम्बन्ध र बहुपक्षीय सहकार्यका विविध आयाममाथि विस्तृत समीक्षा गरिएको छ ।

**यी हुन् छलफलका मुख्य एजेन्डाहरू:**

कनेक्टिभिटी र पूर्वाधार: नेपाल र चीनबीचको सम्पर्क सञ्जाल (सडक, रेल वा अन्य सञ्चार) लाई थप विस्तार गर्ने ।

व्यापार तथा सीमा व्यवस्थापन: दुई देशबीचको व्यापारिक सहजता र सीमा नाकाहरूको सुव्यवस्थित सञ्चालन । प्रविधि र विकास: चिनियाँ प्रविधि हस्तान्तरण तथा नेपालको पूर्वाधार विकासमा आर्थिक सहकार्य ।

जनस्तरको सम्बन्ध: सरकारी तहसँगै दुवै »बाकी ६ पृष्ठमा

## मन्त्रिपरिषद्का मुख्य तीन निर्णय सार्वजनिक



काठमाडौं- सरकारले झण्डै ३० वर्षअघि पेस भएको सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षण सम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग)को प्रतिवेदन, २०५२ कार्यान्वयनमा लैजाने महत्वपूर्ण निर्णय गरेको छ ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त प्रतिवेदन कार्यान्वयन गर्न भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई आवश्यक निर्देशन दिने निर्णय गरेको हो । वि.सं. २०५२ सालमा बुझाइएको यो प्रतिवेदन लामो समयदेखि थन्किएर बसेको थियो । »बाकी ६ पृष्ठमा

## कर छलीमा अर्थमन्त्रीले झुट बोले : शाही



काठमाडौं- राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता ज्ञानबहादुर शाहीले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले भन्सारको कर छलीको विषयमा झुट बोलेको बताएका छन् ।

भन्सारको दर हेरफेर र करको दर हेरफेरको सूचना चुहावटको विषयमा आफूहरूले संसदीय छानबिन समिति रहरले माग नगरेको उनले बताए । आफूहरू अर्थमन्त्रीलाई काम गर्न दिनुहुन्न भन्ने मान्यतामा पनि नरहेको बताए । तर अर्थमन्त्रीले गल्ति लुकाउन झुट बोलेको उनको आरोप रहेको छ ।

महालेखाको रिर्पोट देखाउँदै उनले भने, 'यो रिर्पोटको पेज नम्बर १५२ हेरे हुन्छ । स्पष्ट भनेको छ महालेखा परीक्षकको कार्यालयले कि इभी गाडीहरूमा जुन मोटर छ त्यो मोटरको क्षमता तलमाथि गरेर तातोपानी र कोरला नाकाबाट मात्रै २ अर्ब ५० करोड ८३ लाख १६ हजार रुपैयाँ अघिल्लो सरकारले छुट दियो । त्यसको छानबिन गर भनेको छ ।'

देशैभरि गरेर ३ अर्ब ७७ करोड ४४ लाख १९ हजार छुट महसुल तथा करका सम्बन्धमा छानबिन गरी असुल उपर गर्नपर्छ भनेर महालेखाले भनेको उनले स्मरण गरे ।

जेठ १ गतेदेखि १४ गतेसम्म ३ हजार सवारी »बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ४५,
२०८३ साल असार २ गते मंगलबार
16 JUNE 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# नेपालको राजनीतिमा रास्वपा अधिवेशनको सफलता

नेपालमा राजनीतिक ईतिहास खोज्ने हो भने बहुदलीय व्यवस्थाका लागि सन् १९९३ सालमा स्थापना भएको प्रजा परिषद बिक्रम स. २००४ सालमा स्थापना भएको नेपाली काँग्रेस, बिस २००६ सालमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी हुदै थुप्रै राजनीतिक पार्टीहरू यो ७० वर्षको बीचमा स्थापना भएका छन् । कहिले कुन पार्टी ठूलो हुने कहिल्य त्यहि ठूलो भएको पार्टी सानो हुने पार्टीहरूको गतिविधि हेरेर जनताले ब्यालेन्स गर्दै आएको अवस्थामा बिक्रम सम्बत् २०७९ साल असार ७ गते स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले २०७९ मंसिरमा भएको प्रतिनिधिसभाको निर्वाचनामा १९ सिट विजयी हाशिल गरेर काम गर्ने अवसर पायो ।

लगतै केही महिनामा उपनिर्वाचनवाट पुनः केही लाख मत थपेर २ सिट प्रतिनिसभामा सिट बृद्धि गरेर अर्को पटक सरकारमा जाने अवसर पायो । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले नेतृत्व गरेको पार्टी र रवि लामिछानेको नेपाल टेलिभिजन, न्यूज २४ मा कार्यक्रम मार्फत कमाएको लोकप्रीयता नै राष्ट्रिय स्वतन्त्र पार्टीको ब्राण्डिङ गर्न महत्वपूर्ण काम गऱ्यो ।

अर्को दुईपटक नै निर्वाचनमा विजयी हाशिल गरेका पार्टी सभापति रावि लामिछाने दुईपटक नै विवादित भएर सदनमा पुरै समय दिन पाएनन् । तर जनताको सदभावना र सर्पोट पाईराखे जनताको सर्पोट र पार्टीप्रतिको विश्वास बढ्दै गईराखेको अवस्थामानै देशमा एक खालको जेन्जी विद्रोह भएर नयाँ परिवर्तन सँगै राजनीतिक निकास आयो । नेपाल संघीय राजधानी भएको काठमाडौ महानगरपालिकाका मेयर वालेन्द्र शाहले राजिनामा दिएर रास्वपामा सम्मानजनक अवसर पाएपछि रवि/वालेन ब्राडिङले झनै तिव्रता पायो र २०८२ फागुनमा भएको प्रतिनिधिसभाको निर्वाचनमा स्पष्ट बहुमत ल्याएर सरकारको नेतृत्व गरिरहेको पार्टीको रूपमा सफलता हाशिल गरिरहेको छ ।

यहि पार्टीले वडा हुदै पालिका हुदै जिल्ला अधिवेशन हुदै महाधिवेशनको भव्य तयारी गरिरहेको छ । धेरै ठाउँमा चुस्त दुरूस्त तरिकाले अधिवेशन गर्दै आएको पार्टीले उदारणीय कार्य गरेर धेरै कार्यकर्ता भएको व्यवस्थित पार्टीको रूपमा छोटो समयमा गरेको कामले सफल महाधिवेशन सम्पन्न गर्ने पार्टीको ईतिहास पनि राष्ट्रिय स्वतन्त्र पार्टीले लेखाउदै लगेको छ । वडा, पालिका, जिल्ला, प्रदेश अधिवेशनहरू सफलतापूर्वक सम्पन्न भएका छन् । महाधिवेशन पनि त्यस्तै सफलता पूर्वक सम्पन्न हुने सकेत गरेको छ । यो नै रास्वपाको सफलताको एक नमूनाको रूपमा देखिन्छ ।

# भाषणमा 'गौरव' तर बजेटमा 'उपेक्षा': कहिले उठ्ला कर्णाली ?

*भाषणले होइन, ठोस नीति र व्यावहारिक लगानीले मात्र कर्णालीको दशकौंदेखिको अन्धकार हट्न सक्छ ।*



■ विनोद नेपाली

कर्णाली प्रदेश प्राकृतिक स्रोत र सम्भावनाले भरिपूर्ण भए पनि विकासका हिसाबले दशकौंदेखि पछाडि पारिएको क्षेत्र हो । भौगोलिक विकटता, पूर्वाधारको अभाव र राज्यको केन्द्रीकृत विकास सोचका कारण यहाँका जनताको जीवन अझै पनि कष्टकर छ । यस्तो अवस्थामा कर्णाली प्रदेश सरकारले ल्याएको आर्थिक वर्ष २०८३/८४ को बजेटले फेरि एक पटक गम्भीर प्रश्न उब्जाएको छ– के कर्णालीलाई सधैं "पछाडि पारिएको क्षेत्र" कै रूपमा राखिरहने हो?

भाषणहरूमा कर्णालीलाई "समृद्धिको आधार", "परिवर्तनको केन्द्र" र "राष्ट्रिय गौरवको भू-भाग" भनिन्छ । तर, व्यवहारमा बजेटको आकार र प्राथमिकताले ती शब्दहरूलाई पुष्टि गर्न सकेको देखिँदैन । दूरदराजका गाउँहरूमा अझै पनि सडक, स्वास्थ्य सेवा, शिक्षा, खानेपानी र विद्युत् जस्ता आधारभूत आवश्यकताहरू पर्याप्त रूपमा पुग्न सकेका छैनन् ।

कर्णालीको समस्या केवल बजेटको आकार मात्र होइन, बजेट विनियोजनको दृष्टिकोण पनि हो । संघीयताको मर्म अनुसार क्षेत्रीय समानता र न्यायसङ्गत विकास हुनुपर्ने हो, तर व्यवहारमा कर्णाली अझै पनि केन्द्रको प्राथमिकतामा कमजोर देखिन्छ । बालेन नेतृत्व वा परिवर्तनको आशा गरिएका विभिन्न राजनीतिक धारहरूप्रति पनि कर्णालीबासीले ठूलो अपेक्षा राखेका थिए, तर अपेक्षा र वास्तविकताबीचको दूरी अझै घट्न सकेको छैन । विकासको आश्वासन बारम्बार दोहोरिन्छ, तर कार्यान्वयन कमजोर हुँदा जनतामा विश्वास घट्दै गएको छ । अब प्रश्न उठ्छ– कर्णाली कहिले उठ्छ?

कर्णालीलाई केवल बजेटको अङ्कले होइन, दीर्घकालीन योजनासहितको ठोस नीति आवश्यक छ । पूर्वाधार विकास, रोजगारी सिर्जना, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन र शिक्षा-स्वास्थ्यको सुधारलाई केन्द्रमा राखेर विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ । कर्णालीलाई "विशेष विकास क्षेत्र" का रूपमा व्यावहारिक रूपमै कार्यान्वयन नगरेसम्म विकासको खाडल पुरिन कठिन छ । अब समय आएको छ कि राज्यले कर्णालीलाई भाषणमा होइन, बजेटमा देखाओस् । समान विकास केवल नारामा सीमित नभई व्यवहारमा लागू हुनुपर्छ ।

> ३५ अर्बभन्दा बढीको नयाँ बजेट त आयो, तर यसले कर्णालीको अर्थतन्त्रलाई चलायमान बनाउने, रोजगारी सिर्जना गर्ने र उत्पादन बढाउने जनअपेक्षालाई सम्बोधन गर्न सकेन । ठूला र रूपान्तरणकारी योजना ल्याउनुको सट्टा बजेटलाई साना योजनामा छरेर परम्परागत र वितरणमुखी बनाइँदा कर्णाली फेरि पनि आत्मनिर्भरताको बाटोबाट विमुख भएको छ ।

कर्णाली प्रदेश सरकारले आगामी वर्षका लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । चालु बजेट घटाइएको र पुँजीगत बजेट बढाइएको उक्त बजेट चालु आर्थिक वर्षको तुलनामा ७.२८ प्रतिशतले बढी हो । सङ्घीय अनुदान र बचत रकमका आधारमा ल्याइएको उक्त बजेटमा अधिकांश पुराना र असफल कार्यक्रमहरू नै समेटिएका छन् । वर्तमान कर्णालीका समस्यालाई क्रमभङ्ग गर्नका लागि नयाँ ढङ्गले सोच्नुपर्ने आवश्यकता रहे पनि बजेटमा त्यस्तो केही देखिँदैन ।

अहिलेको वास्तविक आवश्यकता भनेको कर्णालीको अर्थतन्त्रलाई चलायमान बनाउने, रोजगारी सिर्जना गर्ने, उत्पादनका क्षेत्रलाई केन्द्रित गर्ने तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने हो । तर, कर्णाली प्रदेशलाई आत्मनिर्भरताको बाटोमा डोऱ्याउनुपर्ने मुख्य आवश्यकताबाट बजेट पूरै विमुख भएको छ । सेवा क्षेत्रको विस्तार गरेर पर्यटन, उत्पादन र रोजगारी बढाउनुपर्ने दायित्वलाई यसले सम्बोधन गर्न सकेको छैन ।

हामीमाथि बजेटको विनियोजन दक्षता, कार्यान्वयन कुशलता, मितव्ययिता र वित्तीय अनुशासनको प्रश्न उठेको छ । यस्ता कमजोर पक्षलाई चिरफार गरेर सम्बोधन गर्ने गरी बजेट आउनुपर्नेमा कर्णाली सरकार फेरि पनि चुकेको छ ।

बजेटमा चालु खर्च कटौती, राजस्वका दरमा हेरफेर र आर्थिक अनुशासन एवं मितव्ययिता कायम गर्ने लक्ष्य त राखिएको छ, तर यी कुराहरू भोलि कसरी कार्यान्वयन हुन्छन् भन्ने आधारमा मात्रै सफल मानिनेछन् । हालको स्वरुप हेर्दा बजेटले प्रदेशले लिएको मुख्य उद्देश्य प्राप्त गर्न सक्ने देखिँदैन । महत्त्वपूर्ण र ठूला योजनाहरू ल्याउनुको सट्टा बजेटलाई स-साना योजनामा छरेर वितरणमुखी बनाइएको छ, जसले समग्र विकासको लक्ष्य भेट्न सक्दैन । बजेट परम्परागत ढाँचाबाट माथि उठ्न नसक्दा यसले दोस्रो पञ्चवर्षीय योजनाले राखेका लक्ष्यहरूलाई समेत सम्बोधन गर्न नसकेको देखिन्छ ।

कर्णाली अझै अन्धकारमा छ, तर त्यो अन्धकार हटाउने जिम्मेवारी राज्यकै हो । अबको कर्णालीलाई भाषणबाट होइन, कामबाट प्रमाणित गरेर देखाउनु आवश्यक छ ।

# उपचारसँगै शिक्षाको उज्यालो



■ मोतीराम तिमल्सिना

> विद्यालयमा वादविवाद, निबन्ध लेखन, हाजिरीजवाफ र अन्य शैक्षिक प्रतियोगितासमेत सञ्चालन गरिन्छ ।
> विद्यालयले विद्यार्थी अध्ययनरत विद्यालयका शिक्षकहरूसाग नियमित समन्वय गरेर पाठ्यक्रम र पाठ्यपुस्तकअनुसार अध्यापन गरिरहेको छ । बिहान १० बजेदेखि शुरु हुने कक्षा दिउँसो ४ बजेसम्म सञ्चालन हुन्छ ।

कैलालीको टीकापुरकी उर्मिला विश्वकर्मा जन्मिदै दुवै खुट्टा बाङ्गो लिएर संसारमा आइन् । बाल्यकालदेखि नै उनले हिँडडुलमा कठिनाइ भोग्दै आइरहेकी थिइन् । परिवारलाई पनि लामो समयसम्म यस्तो अवस्थाको उपचार सम्भव हुन्छ भन्ने जानकारी थिएन । जब अभिभावकले उपचार सम्भव भएको थाहा पाए, उनीहरूले उर्मिलालाई बनेपास्थित अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रमा लिएर आए ।

तर अस्पताल आउँदै गर्दा उर्मिलाको मनमा एउटा ठूलो चिन्ता थियो- उपचार गर्ने कि पढाइलाई निरन्तरता दिने ? उपचारका लागि केही महिना अस्पतालमै बस्नुपर्ने चिकित्सकको सुझावपछि उनी झन् चिन्तित भइन् । विद्यालय छुट्ने हो कि भन्ने पीडाले उनलाई सताइरहेको थियो । तर त्यो चिन्ता धेरै दिन टिकेन । अस्पतालले सञ्चालन गरेको विद्यालयले उनको जीवनमा नयाँ आशा जगायो । अहिले उर्मिला उपचार पनि गरिरहेकी छन् र नियमित रूपमा पढाइ पनि । उनका हातमा किताब छन्, खुट्टामा सहयोगी सामग्री छन् र आँखामा भविष्यका सपना ।

उर्मिलाजस्तै ३० भन्दा बढी बालबालिका अहिले अस्पतालभित्र सञ्चालित विद्यालयमा अध्ययन गरिरहेका छन् । नर्सरीदेखि कक्षा १२ सम्मका विद्यार्थीहरूका लागि यहाँ पढाइको व्यवस्था गरिएको छ । तीनजना शिक्षकले मल्टिग्रेड शिक्षण विधिमार्फत नियमित कक्षा सञ्चालन गरिरहेका छन् । विद्यार्थीको आवश्यकता र उपचार अवधिअनुसार पढाइको व्यवस्था मिलाइएको छ । कोही एक हप्ता अस्पताल बस्छन्, कोही एक महिना त कोही नौ महिनासम्म उपचारका क्रममा यही विद्यालयमा अध्ययन गर्छन् । कतिपय विद्यार्थीले आफ्नै विद्यालयसँग समन्वय गरी यहीँबाट वार्षिक परीक्षासमेत दिएका छन् ।

विद्यालयकी शिक्षिका नारायणी अधिकारीका अनुसार अस्पतालको उद्देश्य उपचार मात्र उपलब्ध गराउनु होइन, उपचारका कारण बालबालिकाको शिक्षा अवरुद्ध हुन नदिनु पनि हो । 'उपचारका लागि आएका बालबालिकाको पढ्ने बानी नछुटोस्, उनीहरू विद्यालय जाने अवसरबाट वञ्चित नहून् भन्ने सोचका साथ विद्यालय सञ्चालन गरिएको हो', उनले भनिन्- 'यहाँ उपचार र शिक्षालाई सँगसँगै अगाडि बढाइएको छ ।'

सन् २०१४ मा अस्पतालका संस्थापक डा. अशोककुमार बास्कोटा, डा. विवेक बास्कोटालगायतको टोलीले उपचारसँगै शिक्षालाई पनि प्राथमिकता दिनुपर्ने अवधारणाका साथ विद्यालय स्थापना गरेका थिए । अपाङ्गतामैत्री कक्षाकोठा, आवश्यक शैक्षिक सामग्री र विशेष शिक्षण विधिका माध्यमबाट बालबालिकालाई सहज वातावरणमा पढाइ भइरहेको छ । अस्पतालका अनुसार प्रत्येक वर्ष एक हजारभन्दा बढी बालबालिकाले उपचारसँगै शिक्षाको अवसर प्राप्त गर्दै आएका छन् । भूकम्प, कोरोना महामारी तथा अन्य विपत्तिका समयमा समेत विद्यालय सञ्चालनलाई निरन्तरता दिइएको थियो ।

उदयपुरको कटारीकी रजिना श्रेष्ठ अस्पतालको यो प्रयासबाट निकै प्रभावित छिन् । उनी भन्छिन्, 'यदि यहाँ विद्यालय नभएको भए मेरो पढाइ धेरै पछाडि पर्थ्यो । कि अर्को वर्ष दोहोऱ्याएर पढ्नुपर्थ्यो, कि छुटेका पाठ सम्हाल्न धेरै संघर्ष गर्नुपर्थ्यो । अस्पतालले उपचारसँगै पढाइको अवसर दिएकोमा निकै खुशी छु ।' पछिल्लो १३ वर्षमा यस विद्यालयबाट ९ हजार ३ सय ९० बालबालिकाले शिक्षा प्राप्त गरिसकेका छन् । तीमध्ये ४ हजार १ सय ५० छात्रा र ५ हजार २ सय ४० छात्र रहेका छन् ।

विद्यालयमा दृष्टिविहीन बालक कविराज नेपालीजस्ता विद्यार्थी पनि अध्ययनरत छन् । साना कक्षाका बालबालिकाका लागि चित्रकला, सङ्गीतमूलक सिकाइ तथा विभिन्न सिर्जनात्मक गतिविधि सञ्चालन गरिन्छ । अतिरिक्त क्रियाकलापलाई पनि उत्तिकै प्राथमिकता दिइएको छ । शिक्षक मानबहादुर राईका अनुसार बालबालिकालाई सहजरूपमा सिक्न सक्ने वातावरण निर्माण गरिएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# बिवाडी ब्रान्ड र अर्को डा. स्वर्णिम वाग्ले ब्रान्डमाथि अट्याक भयो : खगेन्द्र सुनार



काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद खगेन्द्र सुनारले डा. स्वर्णिम वाग्ले ब्रान्डमाथि अट्याक भएको बताएका छन् ।

करका दर हेरफेर र सूचना चुहावटको विषयमा प्रश्न उठाइएर डा. स्वर्णिम वाग्ले ब्रान्डमाथि अट्याक गर्ने काम भएको सुनारको टिप्पणी रहको छ । 'अहिले दुई वटा ब्रान्डमाथि अट्याक भएको छ । एउटा बिवाडी ब्रान्ड र अर्को डा. स्वर्णिम वाग्ले ब्रान्डमाथि अट्याक भएको सुन्छौं हामी' उनले प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिको बैठकमा भने ।

अर्थमन्त्रीमाथि जसरी पनि छानबिन समिति गठन गर्नुपर्ने माग भइराखेको भनेर उनले त्यसमा असन्तुष्टि जनाए । सुद्धासुद्धी मिलाएको विषयमा छानबिन समिति नै माग गर्ने विषय उचित नरहेको पनि उनले बताए । भन्सारबाट गाडी पारदर्शी रुपमै अयात भएको विषयमा अनावश्यक शंका गरिरहनुपर्ने पनि उनको आग्रह छ । आपूहरू अर्थ विज्ञ नरहेको भन्दै उनले अर्थ विज्ञले ल्याएको बजेटमा अनावश्यक शंका गर्न आवश्यक नरहेको बताए ।

# ऊर्जाका समस्या सुधार गर्न सरकार प्रतिबद्ध रहेको छ : मन्त्री श्रेष्ठ



काठमाडौं- जलविद्युत् क्षेत्रको विकास, निजी क्षेत्रको लगानी संरक्षण र ऊर्जा बजार विस्तारका लागि सरकार प्रतिबद्ध रहेको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले बताएका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) को २४औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले यस्तो बताएका हुन् । जलविद्युत् क्षेत्रमा स्थिर ब्याजदरमा कर्जा प्रवाहको व्यवस्था गरिने र स्वच्छ ऊर्जासँगै एआई तथा डिजिटल सेवाजस्ता नयाँ सम्भावनाको खोजी गरिने बताए । उनले ग्रीन हाइड्रोजन प्लान्टका पाइलट आयोजनाबाट भविष्यको स्वच्छ ऊर्जा अर्थतन्त्रको आधार तयार हुने विश्वास व्यक्त गर्दै मन्त्री श्रेष्ठले जलविद्युत् आयोजना निर्माण तथा हस्तान्तरणका क्रममा देखिएका जग्गा भोगाधिकार र रुख कटानसम्बन्धी समस्या समाधानका लागि कानुनी सुधार गरिएको बताए ।

स्वीकृत ईआईएमा वन क्षेत्रफल वा रुख कटान संख्या घटेमा पुनः ईआईए आवश्यक नपर्ने व्यवस्था गरिएको तथा बहुस्तरीय स्वीकृति प्रक्रिया हटाइएको उनले बताए ।

ऊर्जा उत्पादनसँगै खपत र निर्यात रणनीतिमा पनि सरकारले विशेष जोड दिएको मन्त्री श्रेष्ठले उल्लेख गरे । हाल प्रतिव्यक्ति ऊर्जा खपत करिब ४५० किलोवाट आवर रहेको भन्दै आगामी १० वर्षभित्र यसलाई २ हजार ५०० सय किलोवाट आवरसम्म पुऱ्याउने लक्ष्य लिइएको उनले बताए ।

नेपाल विद्युत् प्राधिकरणलाई प्रतिस्पर्धी र दक्ष ऊर्जा बजार विकास गर्ने संस्थाका रूपमा रूपान्तरण गर्न तयारी भइरहेको मन्त्री श्रेष्ठको भनाइ थियो । उनले अन्तरदेशीय विद्युत् प्रसारण पूर्वाधार विस्तारलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गर्दै बुटवल-गोरखपुर, इनरुवा-पूर्णिया, लम्की-बरेली, लमही-लखनउ, निजगढ-मोतीहारी र चिलिमे-केरुङ प्रसारण लाइन निर्माणलाई उच्च प्राथमिकता दिइएको बताए ।

सरकारले वास्तविक लगानीकर्तालाई सदैव अवसर प्रदान गर्ने स्पष्ट पार्दै मन्त्री श्रेष्ठले निजी क्षेत्रमैत्री वातावरण कायम राखिने बताए । तर निर्माण नगरी विभिन्न बहाना बनाउँदै लाइसेन्स ओगटेर बस्ने तथा आयोजना रोकिराख्ने प्रवृत्तिप्रति सरकार कडा बन्ने चेतावनी दिए । मन्त्री श्रेष्ठले ऊर्जा क्षेत्रको विकासमा इप्पानको भूमिकाको प्रशंसा गर्दै २४ औं वार्षिक साधारणसभा तथा आठौं अधिवेशन सफलताको शुभकामना व्यक्त गरेका थिए ।

# पूर्वाञ्चल विश्वविद्यालय कहाँ छ : सांसद कार्की



काठमाडौं- रास्वपा सांसद गणेश कार्कीले पूर्वाञ्चल विश्वविद्यालयको बेथितिबारे प्रश्न उठाएका छन् ।

प्रतिनिधिसभाको शून्य समयमा उनले 'पूर्वाञ्चल विश्वविद्यालय कहाँ छ ? गोठगाउँमा छ कि विराटनगरमा छ ? हेरेर थाहा पाउन गाह्रो भइरहेको छ,' उनले भने, 'कति डिनका कार्यालय, परीक्षा व्यवस्थापन कार्यालय अहिले पनि विराटनगरमा चलिरहेको छ । त्यहाँ एउटा शिक्षण अस्पताल छ । स्थानीयले भन्छन्, डाक्टर आउँदैनन्, डाक्टर बस्दैनन्, त्यसैले स्थानीय बिरामीहरू आउँदैनन् । डाक्टर भन्छन्, आई.सी.यू. भेन्टिलेटर छैन ।'

आर्थिक अवस्थाका कारणले मात्र समस्या नभएको उनले बताए । उनले भने, 'पूर्वाञ्चल विश्वविद्यालयको बेथितिले मोरङ क्षेत्र नम्बर ३, ४, मोरङ, कोशी र सम्पूर्ण नेपाल नै लाजको विषय जस्तो भएको छ स्वास्थ्य क्षेत्रमा । यो ध्यान पुगोस्, अबको सरकारको ध्यान पुग्छ भन्ने आशा छ, विश्वास छ ।'

# चितवनको इच्छाकामना आधार भूत अस्पताल निर्माण चालु आर्थिक वर्षभित्रै सकिने



चितवन । चितवनको इच्छाकामना गाउँपालिका वडा नं. ४ कुरिनटारमा चालु आर्थिक वर्ष भित्र नै पालिका स्तरीय आधार भूत अस्पताल निर्माण सम्पन्न गरी सञ्चालनको तयारी अगाडि बढाइएको छ । १५ शैंयाको अस्पताल भवन निर्माणको अन्तिम चरणमा रहेको छ । आर्थिक वर्ष २०७९/०८० बाट निर्माण थालिएको अस्पताल भवनको लागत १३ करोड रहेको छ । सुरुमा जग्गा सम्बन्धी विवादका कारणले निर्माणमा ढिलाइ भएको भए पनि पछि विवाद समाधान गरेर कामलाई गति दिइएको पालिका अध्यक्ष दानबहादुर गुरुङले बताए ।

सन्तोषी जेभी नुवाकोटले निर्माण गरेको भवनको लागत अनुमान १९ करोड रहेको थियो । ठेकेदार कम्पनीले हालसम्म साढे १० करोड भुक्तानी लिइसकेको छ । भवनको संरचनासँगै भित्र औजार उपकरणहरु जडान तथा तयारीको काम पनि सुरु गरिएको छ ।

अस्पतालमा ओपीडीसहित, माइनर ओटी, आँखा, दाँत, फिजियोथेरापी, ल्याब, फार्मेसी, एक्सरे, भिडियो एक्सरे लगायतका सेवा सुविधा उपलब्ध हुने पालिकाका प्रमुख प्रशासकिय अधिकृत चन्द्रकान्त बस्नेतले जानकारी दिए । अस्पतालमा एक जना कन्सल्टेन्ट मेडिकल सुपरिटेन्डेन्टसहित ४ जना मेडिकल अफिसरसहित करीव ४० जना स्वास्थ्यकर्मी रहने प्रमुख प्रशासकिय बस्नेतले बताए ।

अस्पतालमा चितवन इच्छाकामनाका जनतासँगै तनहुँ, गोरखा र धादिङका सेवाग्राहीहरु पनि उपचार सेवाबाट लाभान्वित हुने विश्वास पालिकाले लिएको प्रमुख प्रशासकिय अधिकृत बस्नेतले बताए । पालिकाले हाल सञ्चालन गरेको नगर अस्पतालमा दैनिक १५० देखि २ सयसम्म बिरामी आउने गरेका छन् । अहिले १० थरी सेवा प्रदान गरेको अस्पतालले नयाँ भवनबाट थप ७ वटा सेवा थप गर्ने योजना बनाएको छ ।

आधारभूत अस्पताललाई ट्रमा सेन्टरको रुपमा विस्तार गर्न आवश्यकता रहेको गाउँपालिका अध्यक्ष गुरुङले बताए । पृथ्वी राजमार्गसँग जोडिएको अस्पतालमा राजमार्गमा हुने दुर्घटना सम्बन्धी घाइतेहरुको पनि उपचार गर्न सहज हुने पालिका अध्यक्ष गुरुङले बताए ।

# चिया निर्यातसम्बन्धी समस्या समाधानको माग : सांसद राई



काठमाडौं । नेपाली कम्युनिस्ट पार्टी राष्ट्रिय सभाकी सांसद जयन्तीदेवी राईले भारतसँग देखिएको चिया निर्यातसम्बन्धि समस्या तत्काल समाधान गर्न सरकारसँग माग गरेकी छन् ।

सोमबार राष्ट्रिय सभा बैठकमा बोल्दै उनले चियासहित नेपाली किसानको उत्पादन निर्यातमा देखिएको सबै समस्या समाधान हुने गरी उपयुक्त विकल्प तय गर्न पनि सरकारलाई सचेत गराइन् ।

सांसद राईले भारतसँग निर्यात ठप्प हुँदा नेपालका चिया उद्योगहरू बन्द हुने अवस्था पुगेकाले सरकारले उक्त समस्या समाधानका लागि तत्काल भारत सरकारसँग वार्ता गर्नुपर्ने बताइन् ।

उनले भनिन्, 'नेपालमा चियाँ उद्योग बन्द हुने अवस्थामा छ । १२ लाख किलो भन्दा बढी चियाँ भारतमा निर्यात नहुँदा बिक्री नहुने अवस्थामा छ । पटक-पटक भारतले क्वालिटी टेस्ट गर्ने भनेर लैजाने, फेरि १५, २० दिनसम्म नगर्ने अनि यस्तो अप्ठयारो बनाइरहने, यतिबेला उत्पादन भएको चिया पनि नष्ट हुने अवस्था हुँदाहुँदै अहिले यो स्थितिमा गुज्रिरहेको छ ।'

उनले अगाडि भनिन्, 'सबैभन्दा पहिले भारत सरकारसँग यो व्यापारको बारेमा डाइलग होस् । र भारतमात्रै होइन, अरू देशहरूसँग पनि चिया मात्रै नभएर किसानका उत्पादनहरू पनि बिक्री गर्ने विकल्पहरू खोजियोस् ।

## रामेछाप डायरी

बाादरको आतत्तले रामेछापका किसान हैरान

# मकै जोगाउन खोज्दा एक जना भिरबाट खसेर गम्भीर घाइते



**रामेछाप-** रामेछाप जिल्लाका विभिन्न गाउँबस्तीमा बाँदरको आतङ्क अत्यधिक बढेपछि किसानहरू निकै चिन्तित बनेका छन् । वन विनाश र खाद्य अभावका कारण बाँदरहरू मानव बस्तीमा पस्ने क्रम बढेसँगै बाँदरका समूह खेतबारीमा पसेर पाक्न लागेका मकै तथा तरकारी बाली नष्ट गर्न थालेपछि किसानहरूलाई खेतीपाती जोगाउन किसानहरू दिनभर खेतबारी कुरेर बस्न बाध्य छन् ।

यसैबीच, मकैबारी जोगाउन बाँदर लखेट्ने क्रममा रामेछापमा एक किसान भिरबाट खसेर गम्भीर घाइते भएका छन् । मन्थली नगरपालिका-८, चिसापानी सानिबेसी निवासी ठेटबहादुर ढुङ्गेल (क्षत्री) सोमबार बिहान आफ्नो खेतमा आएका बाँदर धपाउने क्रममा सन्तुलन गुमाएर भिरबाट खसेका हुन । गम्भीर घाइते भएका ढुङ्गेलको हाल धुलिखेल अस्पतालमा उपचार भइरहेको छ ।

"वर्षभरिको आम्दानीको मुख्य आधार मानिएको मकैबाली बाँदरले केही घण्टामै सखाप पारिदिन्छ । यसकै डरले कतिपय किसानले त खेतीयोग्य जमिनसमेत बाँझै छाड्न थालेका छन् ।"

वन क्षेत्र नजिक रहेका बस्तीहरूमा यो समस्या झन् विकराल बन्दै गएको छ । किसानहरूले पटक-पटक सम्बन्धित निकायमा समस्या समाधानका लागि पहल गर्न आग्रह गरे पनि अहिलेसम्म कुनै प्रभावकारी उपाय लागू हुन सकेको छैन । स्थानीय तहका जनप्रतिनिधिहरूले पनि समस्या गम्भीर बन्दै गएको स्वीकार गरेका छन् । केही स्थानमा सामुदायिक रूपमा बाँदर धपाउने अभियान सञ्चालन गरिए पनि त्यो स्थायी समाधान हुन सकेको छैन ।

बाँदरको बढ्दो आतङ्कका कारण एकातिर किसानहरूको खेतीप्रतिको निराशा बढ्दै गएको छ भने अर्कोतिर ज्यानै जोखिममा पर्ने दुर्घटनाहरू हुन थालेका छन् । त्यसैले स्थानीयवासीले बाँदर नियन्त्रण, बाली संरक्षणका लागि आधुनिक तारबार, पीडित किसानलाई क्षतिपूर्ति र यसको दीर्घकालीन व्यवस्थापनका लागि तत्काल प्रभावकारी योजना ल्याउन माग गरेका छन् ।

# 'टोलटोलमा फिल्म महोत्सव' काठमाडौं महानगर




**काठमाडौं-** काठमाडौं महानगरपालिकाले असार ५ गतेदेखि २६ गतेसम्म हरेक शुक्रबार र शनिबार सार्वजनिक स्थल, पार्क, डबली तथा चोकहरूमा 'टोलटोलमा फिल्म महोत्सव' आयोजना गर्ने भएको छ । महानगरले सोमबार पत्रकार सम्मेलन गर्दै महोत्सवको संकेत चिन्ह सार्वजनिक गरेको हो ।

महानगरका अनुसार महोत्सवको उद्घाटन असार ५ गते खुलामञ्चमा हुनेछ भने असार ६ गतेको कार्यक्रम भेहिकल फ्री असन क्षेत्रमा सञ्चालन गरिनेछ । नेपाली चलचित्र क्षेत्रको विकास र विस्तारमा योगदान दिने तथा रचनात्मक उद्योगलाई समुदायसँग जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको महानगरले जनाएको छ । महानगरका अनुसार फिल्म क्षेत्रमार्फत स्थानीय संस्कृति, परम्परा र सम्पदाको संरक्षण तथा प्रवर्द्धन, रोजगारी सिर्जना, अनुसन्धान, छात्रवृत्ति, पूर्वाधार विकास, चलचित्र शिक्षा तथा अन्तर्राष्ट्रिय सहकार्यका अवसर विस्तार गरिनेछ । साथै चलचित्र महोत्सव, फिल्म एक्स्पो, फिल्म समिटलगायत कार्यक्रममार्फत निर्माता, लगानीकर्ता र वितरकबीच सञ्जाल निर्माण गरिने लक्ष्य राखिएको छ ।

महोत्सवअन्तर्गत लघु चलचित्र तथा चलचित्र प्रदर्शन, कला र रचनात्मक उद्योगसम्बन्धी संवाद, सांस्कृतिक तथा सिर्जनात्मक कार्यक्रम, स्थानीय खानाका परिकारको प्रदर्शनीलगायत गतिविधि सञ्चालन हुनेछन् । चलचित्र प्रदर्शनका लागि एलईडी स्क्रिन, साउण्ड सिस्टम तथा क्युरेटरको व्यवस्था महानगरको सम्पदा तथा पर्यटन विभागले गर्नेछ भने व्यवस्थापन स्थानीय युवाहरूका संस्थाले गर्नेछन् ।

महानगरका प्रवक्ता नविन मानन्धरले जारी गरेको विज्ञप्तिमा टोलटोलमा फिल्म महोत्सव महानगरको रचनात्मक सहर यात्राको प्रारम्भिक कदम भएको उल्लेख गर्दै यसको सफलताका लागि सञ्चारमाध्यम, चलचित्रकर्मी तथा सरोकारवालाको सहयोग अपेक्षा गरिएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४५,
२०८३ साल असार २ गते मंगलबार
16 JUNE 2026, TUESDAY

# ग्लोबल आइएमई बैंकको सञ्चालक समिति सदस्यमा बिन्द्रा हाडा भट्टराई नियुक्त



काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडको सञ्चालक समिति सदस्यमा बिन्द्रा हाडा भट्टराई नियुक्त भएकि छिन् ।

शुक्रबार बसेको बैंकको सञ्चालक समितिको बैठकले भट्टराईलाई रिक्त रहेको स्वतन्त्र महिला सञ्चालक पदमा नियुक्त गर्ने निर्णय गरेको हो ।

नवनियुक्त सञ्चालक भट्टराईसँग सार्वजनिक प्रशासन, सुशासन र विकास व्यवस्थापनको क्षेत्रमा साढे तीन दशकभन्दा लामो अनुभव रहेको छ ।

त्रिभुवन विश्वविद्यालयबाट रसायन शास्त्र र जनप्रशासनमा स्नातकोत्तर तथा कानुनमा स्नातक गर्नभएकी भट्टराईले अमेरिकाको युनिभर्सिटी अफ नर्थ क्यारोलिनाबाट पब्लिक पोलिसी र ड्युक युनिभर्सिटीबाट ननप्रफिट म्यानेजमेन्टमा उच्च शिक्षा हासिल गरेकि छिन् ।

भट्टराइको आगमनसँगै बैंकको व्यावसायिक रणनीति, सामाजिक उत्तरदायित्व र दिगो विकासका लक्ष्यहरूलाई अझ परिष्कृत रूपमा अगाडि बढाउन मद्दत पुग्ने बैंकले विश्वास रहेको छ ।

# कृषि क्षेत्रमा बैंकहरूको साढे ३ खर्ब ऋण



काठमाडौं- बैंक तथा वित्तीय संस्थाहरूले कृषि क्षेत्रमा कुल साढे ३ खर्ब रुपैयाँ कर्जा प्रवाह गरेका छन् ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म कृषि क्षेत्रमा प्रवाहित कर्जा ३ खर्ब ३३ अर्ब ११ करोड रुपैयाँ पुगेको छ । गत वर्षको सोही अवधिको तुलनामा कृषि कर्जा प्रवाह २.४९ प्रतिशतले घटेको हो । अघिल्लो वर्ष यही अवधिमा भने यस्तो कर्जा ३.३४ प्रतिशतले वृद्धि भएको थियो ।

पुस मसान्तसम्म कृषि कर्जाको संरचनामा सबैभन्दा बढी हिस्सा पशुपालन क्षेत्रमा देखिएको छ । जसमा ६६ अर्ब ४४ करोड रुपैयाँ प्रवाह भएको छ । सबैभन्दा कम कर्जा सुर्ती खेतीमा १६ करोड ८९ लाख रुपैयाँ रहेको छ । यस्तै, अन्न बालीमा ४२ अर्ब ९० करोड रुपैयाँ, तरकारी बालीमा १९ अर्ब ५६ करोड रुपैयाँ, चिया/कफीमा ३ अर्ब ४६ करोड रुपैयाँ, सनपाटमा २ अर्ब २४ करोड रुपैयाँ, अन्य नगदे बालीमा ८ अर्ब ५५ करोड रुपैयाँ, फलफुल तथा पुष्पखेतीमा ५ अर्ब ५७ करोड रुपैयाँ, शीत भण्डारणमा ६ अर्ब ५९ करोड रुपैयाँ कर्जा प्रवाह भएको राष्ट्र बैंकले जनाएको छ ।

यस्तै, कृषि सामाग्री भण्डारणमा १५ अर्ब ६८ करोड रुपैयाँ, मलखाद तथा किटनासकमा ३१ अर्ब ३४ करोड रुपैयाँ, पंक्षीपालनमा १६ अर्ब ५८ करोड रुपैयाँ, माहुरीपालनमा ३९ अर्ब ८ करोड रुपैयाँ, अन्य कृषि तथा कृषिजन्य सेवामा ४८ अर्ब ५८ करोड रुपैयाँ, सिंचाईमा १ अर्ब ६५ करोड रुपैयाँ, वनमा ४ अर्ब ७८ करोड रुपैयाँ, बीउमा ३ अर्ब ३ करोड रुपैयाँ, माछापालन सम्बन्धीमा १६ अर्ब ९ करोड रुपैयाँ कर्जा लगानी भएको छ ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको १६.५६ प्रतिशत, मधेश प्रदेशको १८.३० प्रतिशत, बागमती प्रदेशको ३६.८८ प्रतिशत, गण्डकी प्रदेशको ६.९५ प्रतिशत, लुम्बिनी प्रदेशको १५.१४ प्रतिशत, कर्णाली प्रदेशको १.४७ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ४.७० प्रतिशत अंश रहेको छ ।

# एनआईसी एशिया बैंक विद्यालयलाई शैक्षिक सामग्री सहयोग



काठमाडौं- एनआईसी एशिया बैंकले चितवनको रत्ननगरस्थित श्री बिन्देश्वरी आधारभूत विद्यालयलाई विभिन्न शैक्षिक सामग्री सहयोग गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त सहयोग असार १ गते सम्पन्न गरेको हो ।

विद्यार्थीको पठनपाठनलाई सहज बनाउँदै विद्यालयमा गुणस्तरीय शैक्षिक वातावरण निर्माण गर्ने उद्देश्यसहित बैंकका नारायणगढ सर्कल प्रमुख रामकृष्ण काफ्लेले विद्यालयका प्रधानाध्यापक हरि प्रसाद खनाललाई एक कार्यक्रमका बीच शैक्षिक सामग्री हस्तान्तरण गरेका हुन् ।

सीमान्तकृत, न्यून आय भएका तथा पिछडिएका वर्गका विद्यार्थीलाई प्राथमिकतामा राखेर सञ्चालन भइरहेको उक्त विद्यालयमा हाल १२६ भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । साथै, चेपाङ समुदायका ८५ भन्दा बढी विद्यार्थीलाई आवासीय सुविधा सहित अध्ययनको व्यवस्था मिलाइएको छ ।

कार्यक्रममा रत्ननगर नगरपालिका वडा नं. १५ का अध्यक्ष आशिक तामाङ, विद्यालयका शिक्षक-शिक्षिका, विद्यार्थी तथा बैंकका कर्मचारीहरूको उपस्थिति रहेको थियो । बैंकले गरेको यस सहयोगले विद्यार्थीहरूको पठनपाठन थप सहज हुने तथा विद्यालयमा गुणस्तरीय शैक्षिक वातावरण निर्माणमा टेवा पुग्ने विश्वास लिएको छ ।

# नेपालकै पहिलो इआरपी-एकीकृत डिजिटल कर्जा प्लेटफम सार्वजनिक




काठमाडौं- नेपालमा डिजिटल बैंकिङ्ग क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्यका साथ कुमारी बैंक लिमिटेडले 'आइएमएस सफ्टवेयर प्रा.लि.' सँगको सहकार्यमा नेपालकै पहिलो इआरपी-एकीकृत डिजिटल कर्जा प्लेटफर्म (रियल-टाइम) सार्वजनिक गरेको छ ।


यस नवप्रवर्द्धनात्मक पहल अन्तर्गत कुमारी बैंकले आफ्ना व्यवसायी ग्राहकहरूलाई आइएमएसको इआरपी सफ्टवेयरमार्फत विनाधितो कर्जा (लोन) प्रदान गर्नेछ । यो सेवा सुरु भएसँगै कर्जाका लागि लामो कागजी प्रक्रिया पुरा गर्नपर्ने र बैंकको शाखा धाइरहनुपर्ने झन्झट पूर्ण रूपमा हट्ने बैंकले जनाएको छ । यस प्लेटफर्मले कर्जाको आवेदन दिने, स्वीकृति हुने, रकम वितरण र भुक्तानी गर्नेसम्मका सम्पूर्ण कार्यहरू पूर्ण रूपमा डिजिटल माध्यमबाटै सम्पन्न गर्ने सुविधा दिन्छ ।

बैंकका अनुसार इआरपी प्रणालीसँगको प्रत्यक्ष आबद्धताका कारण व्यवसायहरूको बिक्री, वित्तीय कारोबार र मौज्दात (स्टक) जस्ता वास्तविक समयको 'डेटा'का आधारमा कर्जा पाउन सक्ने योग्यताको मूल्याङ्कन गरिनेछ । यसरी प्राप्त हुने डेटामा आधारित प्रणालीले बैंकलाई छिटो र सटिक निर्णय लिन सहयोग पुऱ्याउनेछ, जसले गर्दा परम्परागत धितो विना नै व्यवसायहरूले सहजै वित्तीय पहुँच पाउनेछन् ।

यस प्रणालीमार्फत इआरपी प्रयोग गर्ने व्यवसायहरूले आफ्नो कार्यसम्पादनको आधारमा अधिकतम ५० लाख रुपैयाँसम्मको चालू पूँजी कर्जा (वर्किङ क्यापिटल लोन) प्राप्त गर्न सक्नेछन् । उक्त कर्जा रकमलाई व्यवसायीले १२ महिनासम्मको समान मासिक किस्ता (इएमआई) मार्फत भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइएको छ । ग्राहकहरूको माग, सेवाको प्रयोग र नेपाल राष्ट्र बैंकको निर्देशनका आधारमा भविष्यमा यो कर्जाको सीमालाई अझ वृद्धि गर्दै लैजाने बैंकको योजना छ ।

यो नयाँ कार्य नेपाल राष्ट्र बैंकको डिजिटल कर्जा सेवा विस्तार गर्ने र कर्जामा आम नागरिकको पहुँच बढाउने परिकल्पनाअनुरूप रहेको बैंकले स्पष्ट पारेको छ ।

# फिनाकल इनोभेसन अवाड्र्स २०२६ मा गोल्ड्स अवार्डबाट सिद्धार्थ बैंक सम्मानित





काठमाडौं- सिद्धार्थ बैंक लिमिटेड अन्तर्राष्ट्रिय स्तरको प्रतिष्ठित इन्फोसिस फिनाकल इनोभेसन अवार्डस् २०२६ अन्तर्गत म्याक्सिमाइजिङ कस्टुमर इंगेजमेन्ट- डिजिटल फर्स्ट बैंकिङ विधामा गोल्ड्स अवार्डबाट सम्मानित भएको छ ।

विश्वभरका बैंक तथा वित्तीय संस्थाहरूले प्रविधि, नवप्रवर्तन तथा ग्राहक अनुभव अभिवृद्धिका क्षेत्रमा गरेका उत्कृष्ट अभ्यासहरूको मूल्याङ्कन गरी यो अवार्ड प्रदान गरिन्छ ।

अवार्डले सिद्धार्थ बैंकको डिजिटल बैंकिङ क्षेत्रप्रतिको निरन्तर प्रतिबद्धता, ग्राहक केन्द्रित सेवा तथा उत्कृष्ट ग्राहक अनुभव प्रदान गर्ने प्रयासलाई अन्तर्राष्ट्रिय स्तरमा सम्मान गरेको हो ।

बैंकले आफ्ना ग्राहकहरूलाई सहज, सुरक्षित तथा आधुनिक बैंकिङ अनुभव प्रदान गर्ने उद्देश्यले विभिन्न डिजिटल सेवाहरूको विस्तार गर्दै आएको छ । मोबाइल बैंकिङ, क्यूआर भुक्तानी, क्यूआर कर्जा, भर्चुअल केडिट कार्ड, डिजिटल खाता सञ्चालन लगायतका सेवामार्फत ग्राहकहरूलाई छिटो, सरल र सुविधाजनक बैंकिङ सेवा उपलब्ध गराउने बैंकको प्रयासलाई उक्त अवार्डले थप साहस र ऊर्जा प्रदान गरेको छ । सिद्धार्थ बैंकले आगामी दिनहरुमा पनि आधुनिक प्रविधिको अधिकतम उपयोग गर्दै डिजिटल भुक्तानी प्रणालीको विस्तार, व्यावसायिक साझेदारीको सुदृढीकरण तथा ग्राहक सन्तुष्टि अभिवृद्धिमा प्रतिबद्ध रहँदै अघि बढ्ने विश्वास लिएको छ ।

# 'फिनाकल इनोभेसन अवार्ड २०२६' मा कुमारी बैंकलाई प्लेटिनम सम्मान




काठमाडौं- कुमारी बैंक लिमिटेड अन्तर्राष्ट्रिय स्तरको 'इन्फोसिस फिनाकल इनोभेसन अवार्ड २०२६' मा प्लेटिनम अवार्डबाट सम्मानित भएको छ ।

बैंकले 'बिजनेस मोडेल इनोभेसन' विधाअन्तर्गत उत्कृष्ट प्रदर्शन गर्दै उक्त सम्मान प्राप्त गरेको हो ।

ग्राहक पहिचान तथा अनुपालन प्रक्रिया सम्बन्धी नवप्रवर्तनका लागि बैंकलाई अवार्ड प्रदान गरिएको हो ।

इन्फोसिस फिनाकलद्वारा हरेक वर्ष आयोजना गरिने यस अवार्डले विश्वभरका बैंक तथा वित्तीय संस्थाहरूका उत्कृष्ट नवप्रवर्तन र रूपान्तरण प्रयासलाई सम्मान गर्दै आएको छ ।

यस वर्ष विभिन्न विधामा ५०० भन्दा बढी आवेदन परेकोमा कुमारी बैंकले आफ्नो केवाईसी प्रणालीमार्फत उल्लेखनीय प्रदर्शन गर्दै प्लेटिनम अवार्ड जित्न सफल भएको हो ।

बैंकका अनुसार उक्त प्रणालीले ग्राहक पहिचान प्रक्रियालाई छरितो, सुरक्षित र प्रभावकारी बनाउनुका साथै नियामकीय मापदण्डको पालना गर्न सहयोग पुर्‍याएको छ । साथै, डिजिटल प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई थप पारदर्शी र भरपर्दो बनाउन योगदान पुगेको जनाएको छ ।

अन्तर्राष्ट्रिय सम्मानसँगै कुमारी बैंकले नवप्रवर्तनमार्फत सुरक्षित, भरपर्दो र ग्राहककेन्द्रित बैंकिङ सेवा प्रदान गर्ने आफ्नो प्रतिबद्धता थप सुदृढ भएको जनाएको छ । आगामी दिनमा पनि डिजिटल समाधान विस्तार गर्दै ग्राहकलाई अझ सहज, विश्वसनीय र उत्कृष्ट बैंकिङ अनुभव प्रदान गर्न निरन्तर प्रयास गर्ने बैंकले जनाएको छ ।

# सहकारीको लगानी चार्जिङ स्टेसनमा

काठमाडौं- चितवन जिल्ला सहकारी सङ्घ चितवनले ४ वटा चार्जिङ उपकरणबाट ८ वटा गाडी चार्ज गर्ने गरी साझा विद्युतीय सवारी साधन चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको छ ।

सङ्घले भरतपुर महानगरपालिका-१० मा रहेको आफ्नै परिसरमा चार्जिङ स्टेसन स्थापना गरिएको हो । १२० किलोवाटको क्षमता भएका उपकरण जडान गरिएका छन् ।

सङ्घका व्यवस्थापक विनोद खतिवडाका अनुसार १ करोड ५० लाख रुपैयाँको लागतमा ४ वटा सेन्टरमा ८ वटा गाडी एक पटकमा चार्ज गर्न सकिने गरि विद्युतीय चार्जिङ उपकरण जडान गरिएको हो ।

तोरीको तेल पेलेर बेच्दै आएको सङ्घले साझा पेट्रोलपम्प सञ्चालन गरेको थियो । डिजेल पेट्रोलमा दैनिक ४० लाख रुपैयाँको कारोबार हुने गरेको र तोरीको तेल मासिक ६ हजार लिटर खपत हुँदै आएको छ । यससँगै सेवाग्राहीलाई सुविधा दिने उद्देश्यले चार्जिङ स्टेसन स्थापना गरिएको उनको भनाइ छ । सङ्घले अहिले ३० जना कर्मचारीलाई प्रत्यक्ष रोजगार दिँदै आएको छ ।

खेलकुद

# एन्फाका अनियमितता छानबिन गर्न राखेपद्वारा उपसमिति गठन



काठमाडौं- अखिल नेपाल फुटबल संघ (एन्फा)बारे छानबिन गर्न समिति गठन गरिएको छ ।

राष्ट्रिय खेलकुद परिषद(राखेप) कार्यकारी समितिको शुक्रबार बसेको ५९ औं बैठकले एन्फामाथि छानबिन गर्न उपाध्यक्ष विशाल श्रेष्ठको नेतृत्वमा उपसमिति गठन गरेको राखेपका सदस्य सचिव रामचरित्र मेहताले जानकारी दिए ।

उक्त समितिमा कार्यकारी सदस्य सिक्का सुवाल श्रेष्ठ, चार्टर एकाउन्टेन्ट प्रकाश अधिकारी र शिक्षा तथा खेलकुद मन्त्रालय प्रतिनिधि सदस्यको रुपमा छन् । राखेप खेलकुद विकास विभागका प्रशासकीय अधिकृत सानु राजा केसी उपसमितिको सचिवको जिम्मेवारी दिइएको छ । समितिलाई ७ दिनको समयसीमा दिइएको छ ।

एन्फाविरुद्ध राष्ट्रिय हित र प्रतिष्ठाविपरीत होमगेम विक्री, राखेपको निर्देशन अवज्ञा र अवैध भत्ता वितरण, महिला साफ गेम २०२४ मा होटल दररेटमा कमिसन र भ्रष्टाचार, बिनास्वीकृति आफुखुशी वैदेशिक भ्रमण, अनुदान रकमको दुरुपयोग र अनावश्यक नियुक्ति गरेको उजुरी परेको थियो ।

# मदन भण्डारी मृत्यु प्रकरणको पनि छानबिन गरौं : कुलमान घिसिङ

काठमाडौं- राजदरबार हत्याकाण्ड मात्रै हैन मदन भण्डारीको मृत्यु प्रकरणको पनि छानविन गर्नपर्ने उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले बताएका छन् ।

बुधबार काठमाडौंमा आयोजित पार्टी प्रवेश कार्यक्रममा उनले नवनियुक्त गृहमन्त्री सुधन गुरुङले राजदरबार हत्याकाण्डको छानबिन गर्ने प्रतिवद्धता जनाएको उल्लेख गर्दै उक्त घटनाको छानबिन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूको सहभागितामा हुनुपर्ने बताए ।

अध्यक्ष घिसिङले मदन भण्डारीको मृत्यु प्रकरणको सत्यतथ्य सार्वजनिक गर्न र पूर्वप्रधानमन्त्री सुशील कोइरालाको मृत्युबारे उठेका शकाको समेत अनुसन्धान गर्नपर्ने उल्लेख गरे ।




निर्मला पन्त हत्या प्रकरणको दोषी अझै पहिचान हुन नसकेको भन्दै उनले सरकारले वास्तविकता सार्वजनिक गर्नपर्ने साथै उनले टिकापुर घटनापछि गठन भएको लाल आयोगको प्रतिवेदन हालसम्म सार्वजनिक नगरिएको भन्दै उक्त प्रतिवेदन सार्वजनिक गर्न पनि सरकारसँग आग्रह गरेका छन् ।

उनले भने, 'हिजो मात्रै नयाँ र पुनर्नियुक्त भएका गृहमन्त्री दुई तीनवटा विषय मध्येमा एउटा विषय राख्नुभयो- राजदरबार हत्याकाण्डको छानबिन गर्छौं । त्यसको हामी स्वागत गर्छौं । यो छानबिन एकदमै सजिलो हिसाबले यहाँका केही मान्छेहरूलाई राखेर अझ त्यसलाई छुट दिने हिसाबले छानबिन गरियो भने यसको कुनै अर्थ छैन । हामीले सुनेका छौं, यसमा राष्ट्रिय अन्तर ाष्ट्रिय शक्तिहरू शक्ति केन्द्रहरूको पनि यहाँ भूमिका छ । तसर्थ अब अन्तर्राष्ट्रिय विज्ञहरूलाई पनि राखेर छानबिन होस् । किन यो दरबार हत्याकाण्ड मात्रै ? मदन भण्डारी हत्याको पनि छानबिन होस् ।'

# इप्पानमा डाागीको अध्यक्षतामा नयाा नेतृत्व




काठमाडौं- स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इपान) को आगामी तीन वर्षे कार्यकालका लागि नयाँ कार्यसमितिमा कोषाध्यक्षबाहेक सबै पदाधिकारी तथा सदस्यहरु सर्वसम्मत चयन भएको छ ।

नेतृत्व चयनअघि भएको आन्तरिक छलफल र आपसी समझदारीपछि वरिष्ठ उपाध्यक्षमा उत्तम ब्लोन लामा सर्वसम्मत निर्वाचित भए । उक्त पदका अर्का प्रत्याशी बलराम खतिवडाले उम्मेदवारी फिर्ता लिएर लामालाई समर्थन गरेपछि सहमतिको वातावरण बनेको थियो ।

इपानको विद्यमान विधानअनुसार नयाँ कार्यसमितिको अध्यक्षमा मोहनकुमार डाँगी स्वतः चयन भएका छन् । उपाध्यक्ष पदमा पनि सहमति जुटेको छ । भरतबहादुर खत्री र भरतप्रसाद नेपालले उम्मेदवारी फिर्ता लिएपछि उत्तरकुमार श्रेष्ठ, सुसन कर्माचार्य, हिमप्रसाद पाठक, नरेन्द्र बल्लभ पन्त र विक्रम विष्ट निर्विरोध चयन भएका छन् ।

यसैगरी महासचिवमा टीएन आचार्य तथा उपमहासचिवमा कविता पोखरेल सर्वसम्मत चयन भएका छन् । महासचिव पदका उम्मेदवार प्रकाशचन्द्र दुलालले उम्मेदवारी फिर्ता लिएपछि आचार्य निर्विरोध भएका हुन् ।

सचिव पदमा कुवेरमणि नेपाल, अभिज्ञा मल्ल, सुमनकुमारी जोशी, ईशा श्रेष्ठ र विजयमोहन भट्टराई चयन भएका छन् भने कृष्णप्रसाद घिमिरे र दीपक पौडेललाई सचिव पदमा मनोनयन गर्ने निर्णय गरिएको छ ।

सबै पदमा सहमति जुटे पनि कोषाध्यक्ष पदमा भने निर्वाचन भएको थियो । उक्त पदका लागि शंकर बस्याल र मिथुन पौडेल प्रतिस्पर्धामा उत्रिएका थिए । खसेको मत परिणामअनुसार बस्यालले २६७ मत प्राप्त गरी निर्वाचित हुँदा पौडेलले ८२ मत प्राप्त गरेका थिए ।

कार्यसमिति सदस्यमा जगतबहादुर पोखरेल, अनुप आचार्य, कदम केसी, वर्णन लामिछाने, नारायण कँडेल, मिलन खड्का र जगदीश शिवाकोटी सर्वसम्मत चयन भएका छन् । सदस्य पदका उम्मेदवार इन्दिरा पन्त, सोमनाथ कँडेल र बाबुराम थापाले उम्मेदवारी फिर्ता लिएपछि सहमतिको आधारमा नेतृत्व चयन भएको हो ।

महिला सदस्य पदमा चार जनाको उम्मेदवारी परे पनि सिर्जना खड्काले उम्मेदवारी फिर्ता लिएपछि ज्योति गैरे, प्रतिमा ज्ञवाली र संगिता धमला निर्विरोध निर्वाचित भएका छन् । नयाँ प्रस्तावित विधानअनुसार सोमनाथ कँडेल, इन्दिरा पन्त र बाबुराम थापालाई कार्यसमितिमा मनोनयन गर्ने निर्णय गरिएको छ ।

इपानले बाहिर चर्चा भएजस्तो संस्थाभित्र उग्र विवाद नरहेको स्पष्ट पार्दै आन्तरिक लोकतान्त्रिक अभ्यास, आपसी संवाद र सहमतिका आधारमा सक्षम तथा सन्तुलित कार्यसमिति गठन भएको जनाएको छ ।

# काउन्सिलले अघि बढायो मारिया अस्पताललाई कारबाही प्रक्रिया




काठमाडौं- बालुवाटारस्थित 'मारिया हस्पिटल' (मारिया हेल्थ सेन्टर प्रालि) लाई गैरकानुनी रूपमा काम गरेको भन्दै नेपाल मेडिकल काउन्सिलले कारबाही प्रक्रिया अघि बढाएको छ । बिना अनुमति अस्पताल सञ्चालन भएको तथा विदेशी चिकित्सकहरूबाट अवैध रूपमा स्वास्थ्य परीक्षण गराइएको भेटिएपछि कानुनी कारबाही प्रक्रिया अघि बढाएको हो ।

काउन्सिलका निमित्त रजिस्ट्रार डा. दिपेन्द्र पाण्डेका अनुसार १८ जेठमा बसेको पूर्ण बैठकले आवश्यक अनुमति तथा क्लिनिकल मापदण्ड पूरा नगरी चिकित्सा अभ्यासमा संलग्न तीन चिनियाँ नागरिकको अस्थायी दर्ता (एफएनडी) तत्कालका लागि निलम्बन गरिएको छ । डा. उ सिएनलिन, डा. चेन सिएलिन र लिउ जिकिनको अस्थायी दर्ता निलम्बन गरिएको हो ।

स्वास्थ्य संस्था अवैध रूपमा सञ्चालन जानकारी दिँदै तत्काल भौतिक रूपमा बन्द (सिलबन्दी) गर्न तथा सञ्चालकहरूमाथि आवश्यक कानुनी कारबाही अगाडि बढाउन जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी परिसर काठमाडौंलाई पत्राचार गरिएको डा. पाण्डेले बताए ।

त्यसैगरी, भिसा सर्तविपरीत गतिविधिमा संलग्न विदेशी नागरिकहरूको गैर-पर्यटकीय भिसा र श्रम इजाजत खारेज गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा विस्तृत प्रतिवेदन पठाइएको काउन्सिलले जनाएको छ ।

काउन्सिलले बिना अनुमति सञ्चालन भएका स्वास्थ्य संस्था तथा दर्ता नभई लुकिछिपी बिरामी जाँच्ने चिकित्सकहरूको गतिविधिबारे जानकारी भएमा प्रमाणसहित तत्काल काउन्सिल वा स्थानीय प्रशासनमा उजुरी दिन सर्वसाधारणलाई आग्रह गरेको छ ।

# ताप्लेजुङमा अलैाची महोत्सव हुँदै



काठमाडौं- ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकामा असारको १२ र १३ गते प्रदेशस्तरीय अलैंची महोत्सवको आयोजना हुने भएको छ ।

अलैंची प्रवर्द्धन गर्ने उद्देश्यले ताप्लेजुङमा पहिलोपटक उक्त महोत्सव हुन लागेको महोत्सव मूल समारोह समितिका संयोजक बालचन्द्र आङ्बुहाङले बताए ।

आठराई त्रिवेणी गाउँपालिका र कृषि ज्ञान केन्द्र ताप्लेजुङको आर्थिक सहयोगमा हुन लागेको सो महोत्सवमा अलैंचीका बोटबिरुवा तथा फल प्रदर्शनी, अलैंचीबाट उत्पादन हुने खाद्य पदार्थ र स्थानीय उत्कृष्ट अलैंची बगान तथा कमजोर अलैंची बगानको प्रदर्शनी र अवलोकनलगायतका गतिविधि हुने आयोजकले जानकारी दिएको छ ।

महोत्सवमा अलैंची किसान कार्यशाला, अलैंची व्यवसायी र खरिदकर्ता र बिक्रेताबीच अन्तरक्रिया, अलैंची विज्ञ टोलीबीच अलैंचीको आधुनिक खेती र बजार विस्तारसम्बन्धी छलफलको कार्यक्रम रहेको समितिका संयोजक आङ्बुहाङले जानकारी दिए । अलैंची ताप्लेजुङको प्रमुख नगदेबालीको रूपमा रहेको छ । ताप्लेजुङमा तीन हजार ७०० हेक्टर क्षेत्रफलमा अलैंचीखेती हुनेगरेको पाइन्छ ।

# नेपाल आँखा अस्पतालमा आइतबार पनि सेवा




काठमाडौं । त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पतालले बिदाको दिन आइतबार पनि नियमित सेवा सञ्चालन भइरहेको जनाएको छ ।

नेपालकै पहिलो आँखा अस्पतालका रूपमा परिचित यस अस्पतालले आइतबारदेखि शुक्रबारसम्म नियमित रुपमा सेवा उपलब्ध गराउँदै आएको छ । अस्पतालमा हरेक दिन बिहान ८:३० बजेदेखि बिरामी दर्ता सुरु हुने र दिउँसो ३ बजेसम्म विशेषज्ञ चिकित्सकद्वारा जाँच तथा उपचार सेवा प्रदान गरिने व्यवस्था गरिएको अस्पतालका प्रमुख कार्यकारी अधिकृत धर्मराज गोसाइँले जानकारी दिए ।

अस्पतालले आधुनिक पूर्वाधार, अत्याधुनिक उपकरण तथा अनुभवी नेत्ररोग विशेषज्ञ, अप्टोमेट्रिस्ट, नर्सिङ तथा प्राविधिक जनशक्तिमार्फत आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । अस्पतालमा हाल १६ जना नेत्र विशेषज्ञ, १ जना एनेस्थेसियोलोजिष्ट, ७ जना अप्टोमेट्रिष्ट, ३ जना फेलो समेत गरी जम्मा १५० जना कर्मचारी छन् । अस्पतालमा दैनिक करिव ७०० देखि ९०० बिरामीले सेवा लिने गरेका छन् भने मोतिबिन्दु, रेटिना, जलविन्दु, कर्निया तथा बाल आँखा रोग सम्बन्धी जटिल उपचार तथा शल्यक्रियासमेत नियमित रूपमा सञ्चालन हुने गरेको छ ।

नेपाल आँखा अस्पतालबाट बहिरङ्ग सेवा, विशेषज्ञ परामर्श सेवा, मोतिबिन्दु क्लिनिक, बाल आँखा सेवा, अर्थोप्टिक्स सेवा लगायतका विविध उपचार सेवा उपलब्ध छन् ।

त्यसैगरी, २४ सै घण्टा आकस्मिक सेवा तथा अन्तरङ्ग (इन-पेसेन्ट) सेवा सञ्चालनमा रहेकाले आकस्मिक अवस्थामा समेत बिरामीले निरन्तर सेवा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ ।

शल्यक्रिया सेवाअन्तर्गत मोतिबिन्दु, रेटिना, ग्लुकोमा, कर्निया तथा बाल नेत्ररोगसम्बन्धी शल्यक्रियाहरू नियमित रूपमा सञ्चालन भइरहेको छ । रासस

# लाम्पाटा पुग्यो सशस्त्रको टोली



काठमाडौं- सशस्त्र प्रहरीको टोली बाजुरा र हुम्लाको सीमा विदाद भएको स्थानमा पुगेको छ ।

जेठ २७ गते लाम्पाटाको लागि हिँडेको सशस्त्र प्रहरी बलको टोली जेठ आज शनिबार त्यहाँ पुगेको हो । लाम्पाटामा अस्थायी सुरक्षा बेश स्थापनाको तयारी गरिएको छ ।

अस्थायी सुरक्षा बेशमा खटिएको टोलीलाई सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयबाट नै आवश्यक निर्देशन दिइने र आवश्यकता अनुसारको समन्वय गर्ने सह-प्रवक्ता डीएसपी शैलेन्द्र थापाले जानकारी दिए ।

सशस्त्रको टोली प्रहरी निरीक्षकको कमाण्डमा त्यहाँ खटिएको छ । केही दिनयता सो क्षेत्र अशान्त बनेको थियो ।

# नेपालको विविधताबारे अन्तराष्ट्रिय मञ्चमा चर्चा गर्दै इन्दिरा राना

काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद इन्दिरा रानाले नेपालको प्राकृति विविधताबारे अन्तराष्ट्रिय मञ्चमा चर्चा गरेकी छन् । नेपालको प्रतिनिधित्व गर्दै चीनमा आयोजित द २०२६ फोरम अन ग्लोबल ह्युमन राइट्स गभर्नेन्स विषयक विश्व सम्मेलनलाई सम्बोधन गर्दै सांसद रानाले भनिन्, ' नेपाल असाधारण प्राकृतिक सौन्दर्यले भरिपूर्ण राष्ट्र हो । यसप्रति गर्व छ ।'

चीनले आयोजना गरेको हरित विकास र मानव अधिकार विषयक विश्व सम्मेलनमा नेपालका तर्फबाट राना सहभागी भएकी हुन् । जसलाई सम्बोधन गर्दै पूर्वउपसभामुख समेत रहेकी रानाले नेपालमा 'हरियो बन नेपालको धन' भन्ने उक्ति नै रहेको सुनाइन् । यसले नेपालीहरूलाई वन संरक्षण गर्नमा मद्दत गर्नमा उत्प्रेरित गरिरहेको झल्काउने सुनाइन् ।

नेपाल, आकारमा सानो भए पनि, जैविक विविधतामा अविश्वसनीय रूपमा धनी रहेको उल्लेख गरिन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४५,
२०८३ साल असार २ गते मंगलबार
16 JUNE 2026, TUESDAY

# ‘अजमेरा फेशन डिजाइन एक्सीलेन्स अवार्ड २०२६’ सम्पन्नः नमामी, प्रथा र सुभाना पुरस्कृत



काठमाडौं- फेशन, डिजिटल कन्टेन्ट सिर्जना तथा कथावाचन (स्टोरीटेलिङ) को क्षेत्रमा आबद्ध उत्कृष्ट सर्जक तथा इन्फ्लुएन्सरहरूलाई सम्मान गर्दै राजधानीमा 'अजमेरा फेशन डिजाइन एक्सीलेन्स अवार्ड २०२६' सम्पन्न भएको छ। ब्ल्याक बुल गार्मेन्ट ट्रेडिङ प्रालिको प्रस्तुति तथा अजमेरा फेशन प्रालिको आयोजनामा उक्त विशेष समारोह आयोजना गरिएको हो। फेशन र डिजिटल क्षेत्रका डिजिटल क्रिएटर, सेलिब्रिटी तथा विशिष्ट व्यक्तित्वहरूको बाक्लो उपस्थिति रहेको उक्त कार्यक्रममा विभिन्न तीन विधाका सर्वोत्कृष्ट सर्जकहरूलाई नगद पुरस्कार र प्रमाणपत्रसहित सम्मानित गरियो। यस वर्षको अवार्ड अन्तर्गत 'वेष्ट इन्गेजमेन्ट भिडियो' विधामा नमामी शाक्यले जित हासिल गर्दै नगद एक लाख रुपैयाँ पुरस्कार प्राप्त गरेकी छन् । त्यसैगरी 'वेष्ट ब्रान्ड भिडियो' विधामा प्रथा जोशी सर्वोत्कृष्ट घोषित हुँदै नगद एक लाख रुपैयाँकै पुरस्कार चुम्न सफल भइन् भने 'वेष्ट कन्सेप्ट एण्ड स्टोरी टेलिङ' विधातर्फ सुभाना कायस्थले बाजी मार्दै नगद २५ हजार रुपैयाँ पुरस्कार हात पारिन् । कार्यक्रमका विजेताहरूलाई अजमेरा फेशन लिमिटेड, भारतका संस्थापक एवं मुख्य कार्यकारी अधिकृत (सीईओ) अजय अजमेराले पुरस्कार तथा प्रमाणपत्र हस्तान्तरण गर्नुभएको थियो । प्रत्येक विधामा प्रारम्भिक रूपमा उत्कृष्ट तीन-तीन जनाको सर्टलिस्ट सार्वजनिक गरिएको र सोही समूहबाट सर्वोत्कृष्ट एक-एक जनाको नाम घोषणा गरी नगद पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ।

अवार्ड कार्यक्रमबारे बोल्दै आयोजकले पछिल्लो समय डिजिटल र फेशन क्षेत्रमा सक्रिय रूपमा लागिपरेका सिर्जनशील प्रतिभा, स्टोरीटेलर र इन्फ्लुएन्सरहरूको योगदानको उच्च मूल्याङ्कन गर्दै उनीहरूलाई थप प्रोत्साहन गर्ने उद्देश्यले अवार्ड आयोजना गरिएको स्पष्ट पारेका छन्। नेपालमा तीव्र गतिमा विस्तार भइरहेको डिजिटल कन्टेन्ट सिर्जना र फेशन उद्योगका नयाँ प्रतिभाहरूलाई स्थापित गर्न यस्ता कार्यक्रमले कोसेढुङ्गाको काम गर्ने विश्वास लिइएको छ। यस भव्य समारोहलाई प्रिफ्याब प्यानल नेपाल, १०० पसल कुमारीपाटी, जेबी अटोमोटिभ र कलश स्टक मार्केट लगायतका संस्थाहरूले सहयोग गरेका थिए।

# प्रदेश प्रहरीको बृहत् शान्ति पदयात्रा

बुटवल- लुम्बिनी प्रदेश प्रहरी कार्यालयले बुद्ध जन्मस्थल लुम्बिनीमा बृहत् शान्ति पद यात्रा गरेको छ

लुम्बिनीस्थित शान्तिदीपबाट लुम्बिनीस्थित अन्तराष्ट्रिय सभा हलसम्म पदयात्रा गरिएको हो ।

पदयात्रामा नेपाल प्रहरी सहित सुरक्षा निकाय, उद्योगी व्यवसायीका सङ्घसंस्था सामाजिक संघसंस्था, धार्मिक संघसंस्था, शैक्षिक संघसंस्था शान्ति पदयात्रामा लुम्बिनी विकास कोषका पदाधिकारी, नेपाल प्रहरी प्रमुख दानबहादुर कार्की, प्रदेश र जिल्ला प्रहरी प्रमुखहरूको उपस्थिति रहेको थियो ।

शान्ति, सहिष्णुता, सामाजिक सद्भाव र सामूहिक जिम्मेवारीको सन्देश प्रवाह गर्ने उद्देश्यले शान्ति पद यात्रा गरिएको लुम्बिनी प्रदेश प्रहरी प्रमुख हो । पदयात्रामा विद्यार्थी, अभिभावक, नागरिक समाज, स्थानीय समुदाय र सरोकारवालाहरूसँग प्रत्यक्ष अन्तरक्रिया गरिएको छ । लुम्बिनी प्रदेश प्रहरी कार्यालयले यही जेठ ३० गतेदेखि असार १ गतेसम्म तीन दिने विशेष कार्यक्रम सञ्चालन भूपेन्द्रबहादुर खत्रीले बताए ।



यसअघि ह्याक फर सेफ्टी प्रतिस्पर्धा मार्फत प्रविधिमा रुचि राख्ने युवा, विद्यार्थी, सफ्टवेयर डेभलपर, इन्जिनियर तथा नवप्रवर्तनकर्ताहरूलाई समेटेर अपराध नियन्त्रणमा सहकार्यका लागि कार्यक्रम गरिएको खत्रीले बताए । परम्परागत उपायले मात्र आधुनिक सुरक्षा चुनौतीको सामना गर्न नसकिने भन्दै प्रहरीले युवाहरूलाई प्रविधिका माध्यमबाट सार्वजनिक सुरक्षा, साइबर अपराध नियन्त्रण, अनुसन्धान सहयोग र प्रहरी सेवामा योगदान दिन आह्वान गरेको छ । शान्ति कायम राख्नु केवल प्रहरीको मात्र नभई सम्पूर्ण समाजको साझा दायित्व हो भन्ने सन्देश दिनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको प्रदेश प्रहरी प्रमुख खत्रीले बताए । प्रदेश प्रहरी प्रमुख खत्रीका अनुसार अनुसार यी तीन वटै कार्यक्रमहरू प्रकृति र स्थानका हिसाबले फरक देखिए पनि यिनको साझा उद्देश्य सुरक्षित, सचेत, जिम्मेवार र प्रविधिमैत्री समाजको निर्माण गर्न रहेको छ ।

प्रविधि, शान्ति, सामाजिक सद्भाव र नागरिक संवादलाई जोड्दै सार्वजनिक सुरक्षा र सामाजिक उत्तरदायित्वलाई नयाँ ढङ्गले प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।

### व्यवस्थापनमा थपिदो चुनौती...

लामिछानेलाई सहकारीको बचत अपचलन, संगठित अपराध र सम्पत्ति शुद्धीकरण समेतको कसुरमा प्रहरी हिरासत र पुर्पक्षका लागि जेलमा राखिँदा त्यसलाई राजनीतिक प्रतिशोधको घटना भन्दै देशव्यापी हस्ताक्षर संकलन गर्ने अभियानको नेतृत्व बोहराले गरेका थिए । मनिष झा हाल प्रवक्ताको भूमिकामा छन् । पछिल्लो समय उनलाई संसदीय समितिको सभापति प्रस्ताव गरिएको थियो । उनले उक्त भूमिका अस्वीकार गरेका थिए । महामन्त्रीकै आकांक्षीका रूपमा रहेका प्रमोद न्यौपाने सांसद बन्ने अवस्था हुँदाहुँदै अन्तिममा नाम काटिएको भन्दै पार्टीभित्र असन्तुष्टि उत्पन्न भएको थियो । पार्टी सभापति लामिछाने सहकारी प्रकरणमा जेलमा रहँदा बचाउ र प्रतिरक्षामा अग्रभागमा खटिनेमा प्रमोद न्यौपाने थिए ।

चार सदस्यीय सहमहामन्त्रीमा पनि आकांक्षा राख्नेको सूची लामै छ । मौजुदा समितिमा विपिन आचार्य मात्रै सह महामन्त्रीको भूमिकामा छन् । चुनाव नहुने परिस्थिति आयो भने महामन्त्री दाबी गर्नेहरू सहमहामन्त्रीमा समेटिन सक्ने सम्भावना रहन्छ । चार सदस्यीय सहमहामन्त्रीमा एक जना महिला अनिवार्य रहने प्रबन्ध छ । त्यसमा क्रान्तिशिखा धिताल, टीका संग्रौला (ज्वाला), कुसुम महर्जन लगायतको नाम चर्चामा छ । खुलातर्फ शिशिर खनाल, रमेश प्रसाईं, असिम शाह, रोहन कार्की, प्रकाशचन्द्र परियार, खगेन्द्र सुनार, सागर ढकाल लगायतको नाम चर्चामा रहेको देखिन्छ ।

पार्टीमा केन्द्रीय सदस्यको जिम्मेवारी र हाल संसदीय भूमिकामा समेत रहेका डा.तोसिमा कार्की, निशा डाँगी पनि पदाधिकारीको आकांक्षीका रूपमा छन् । उनीहरूले कुन पद दाबी गर्छन् खुलेको छैन तर उनीहरुले पनि कुनै भाईट्रल पोष्ट वा केन्दिय सदस्यमा आउन सक्ने अनुमान गरिएको छ । रास्वपाको प्रस्तावित विधान अनुसार पहिलो चरणमा सभापतिसहित ९९ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन् । त्यसपछि निर्वाचित केन्द्रीय सदस्यबाट बाँकी पदाधिकारी छानिने छन् । दुवै चरणमा महाधिवेशन प्रतिनिधिहरूले नै मतदान गर्नेछन् । महामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार पहिलो महाधिवेशनअन्तर्गत रास्वपाले वडा तहदेखि नै अधिवेशन गर्दै आएको छ । हालसम्म ४ हजार ३६३ वडामा अधिवेशन सकिएकीएको छ ६०९ हाराहारी पालिका तहका समितिको अधिवेशन भइसकेका छन् भने ६४ वटा जिल्ला समितिको अधिवेशन सकिएको छ। मधेश प्रदेश वाहेक सवै प्रदेशमा अधिवेशन सम्पन्न भईसकेको छ ।

### राष्ट्रपति...

पाएको आयोगले साढे सात दशक लामो अवधिमा योग्यता, निष्पक्षता र स्वच्छता जस्तो मूल सिद्धान्तको जगमा रहेर प्रभावकारी तवरले कार्य सम्पादन गर्न खुशीको विषय हो । विशेषतः निष्पक्षता र योग्यता कर्मचारी छनोटको उच्चतम कसी हो। मूल्यांकनको यही अन्तरायलाई अवलम्बन गरेकै कारण आयोगप्रतिको भरोसा आजसम्म अटुट छ। यो भरोसा र विश्वास नै आयोगको ठूलो सम्पत्ति हो। यसलाई अझ थप सुदृढ गर्दै आयोगलाई अझ सबल बनाउन तपाईंहरूको सत्प्रयास निरन्तर रहने मैले विश्वास लिएको छु।'

उनले अगाडि भने, 'संघीय लोकतान्त्रिक गणतन्त्रका लागि संघर्ष र बलिदान गरेका नेपाली जनताले चाहेको भनेकै सुशासनमार्फत प्रभावकारी सेवा प्रवाह, मुलुकको तीव्र विकास, शान्ति र प्रगति नै हो । जनताको यो अभिष्ट पूरा गर्न आधुनिक समयमा हाम्रो राज्य संयन्त्रलाई समय अनुकूल अझ जनमुखी, सेवामुखी, प्रविधि मैत्री र परिणाममुखी बनाउन जरुरी छ।'

### अर्थमन्त्री डा. वाग्ल ...

प्रश्न गर्ने हुन्। तर समग्रतामा प्रश्न गरेको भनेर अर्थमन्त्रीले उल्टै छेडखानी गरेका हुन् । संसद्मा मन्त्रालयगत बजेट छलफल हुन बाँकी छ। मन्त्रालयगत छलफलमा कुन शीर्षकमा कति र कुन योजनामा कति रकम पर्‍यो र त्यसले दिने परिणाम कस्तो हुन्छ भनेर छलफल हुन्छ। मन्त्रालयगत छलफलमा विषय केन्द्रित छलफल हुन्छ । तर संसद्मा सांसदले समग्रतामा प्रश्न गरेको भनेर अर्थमन्त्री डा. वाग्लेले प्रश्नकर्ता सांसदहरूलाई छेडखानी गरे ।

### कूटनीतिक र आर्थिक ...

देशका नागरिकहरूबीचको सांस्कृतिक तथा पर्यटकीय सम्बन्धलाई प्रगाढ बनाउने ।

भेटवार्तापछि परराष्ट्रमन्त्री खनालले सामाजिक सञ्जालमार्फत चिनियाँ विदेशमन्त्रीसँगको संवाद अत्यन्तै सकारात्मक, फलदायी र रणनीतिक रूपमा महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभएको छ । दुई देशका साझा हितका क्षेत्रमा सहकार्यलाई गति दिन यस वार्ताले महत्त्वपूर्ण जग बसालेको उहाँको भनाइ छ ।

पछिल्ला वर्षहरूमा नेपाल र चीनबीच राजनीतिक र आर्थिक क्षेत्रमा सहकार्य बाक्लिँदै गएको सन्दर्भमा, परराष्ट्रमन्त्री खनालको यो भ्रमणलाई आपसी कूटनीतिक संवादको निरन्तरता र विकासका नयाँ एजेन्डाहरूलाई अघि बढाउने एउटा महत्त्वपूर्ण कडीका रूपमा हेरिएको छ ।

### शाही ...

नेपाल भित्रिएको भन्दै उनले भने, 'गाडी आउँछ २१ गते र भन्सार पास हुन्छ १४ गते । करका दरको रेट थाहा नभइकन त्यो कसरी भयो ?'

करका दर हेरफेर र करका दर चुहावटको सम्बन्धमा अर्थमन्त्री वाग्लेले बुधबार प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिमा र बिहीकार प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिमा प्रष्टीकरण दिएका छन्। त्यसक्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले कर्मचारीको कमजोरीका कारणले केही त्रुटि हुन पुगेको स्वीकार गरे ।

१५ गते संसद्मा पेस गरेको आर्थिक विधेयकमा रहेकोमा एक ठाउँमा करका दर हेरफेर भएको र एक ठाउँमा शुल्क हेरफेर गरिएको पनि बताए ।

'अर्थमन्त्रीले टाइप गरेर बिगारेको होइन । तर म नेता हो, अर्थ मन्त्रालयको म गार्डियन हो, म नेता हो । मेरा कर्मचारीले गरेको मिस्टेकलाई मैले वर्न गर्नुपर्छ, मैले डिफेन्स गर्नुपर्छ' अर्थमन्त्री वाग्लेले अगाडि भनेका छन्, 'मैले मिस्टेक गरेको होइन । कर्मचारी साथीहरूले बिहान ४ बजे टाइप गर्दा केही कुराहरू छुटे ।'

कर्मचारीले यति मिस्टेक भयो भनेर भनेपछि त्यसअनुसार जेठ १७ गते आफूले संघीय संसद् सचिवालयलाई निवेदन लेखेर त्रुटि सुधारका लागि पठाएको पनि अर्थमन्त्री वाग्लेले बताए ।

अर्थमन्त्री डा. वाग्लेले संघीय संसदका दुवै सदनमा जेठ १५ गते आर्थिक विधेयक पेश गरेका थिए । उक्त विधेयकमा केही अस्पष्टता र केही भाषिक त्रुटि रहेको भन्दै जेठ १७ गते उक्त त्रुटिहरू सच्याउन संससद् सचिवालयमा निवेदन दिएका थिए ।

जेठ १७ गते यता आर्थिक विकेयकमा कुनै पनि विषय संशोधन नगरिएको पनि अर्थमन्त्री वाग्लेले बताए । तर, विधेयक संसद्मा अगाडि बढ्ने प्रक्रियासम्बन्धी छुट्टै व्यवस्था छ । विधेयकमा संशोधन गर्ने प्रक्रियासम्बनधी प्रक्रिया प्रतिनिधिसभा नियमावलीको परिच्छेद १५ मा छ । जस अन्तर्गत विधेयक अगाडि बढाउन विधेयक प्रस्तुत गर्ने अनुमतिको लागि सूचना दिनुपर्छ । विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमै सांसदहरूले विरोधको सूचना दिन सक्छन् । त्यस्तो सूचनाउपर सभाले निर्णय लिन्छ ।

त्यसपछि सभामा विधेयकमाथि सामान्य छलफल हुन्छ । सामान्य छलफल समाप्त भएपछि विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत हुन्छ। यस्तो प्रस्ताव सभाले स्वीकृत गरेपछि सांसदहरूले संशोधन प्रस्ताव दर्ताका लागि समय पाउँछन् ।

'विधेयकमा संशोधन पेस गर्न चाहने कुनै पनि सदस्यले विधेयकमाथिको सामान्य छलफल समाप्त भएको बहत्तर घण्टाभित्र आफूले पेस गर्न चाहेको संशोधनसहितको सूचना सचिवलाई दिनुपर्नेछ' नियमावलीको नियम ११२ मा छ ।

यी प्रक्रिया सभामा अगाडि बढेकै छैन। सांसदहरूले संशोधनका लागि प्रस्ताव पेस गर्ने समय पाउने अवस्थामा विधेयक पुगेकै छैन ।

यो प्रक्रिया सुरु नहुँदै अर्थमन्त्रीले पाँच बुँदे त्रुटि सुधार भनेर संसद् सचिवालयमा पत्र पठाएको भनेर विपक्षी दलहरूले प्रश्न उठाएका छन् ।

त्रुटि सुधारको विधि र प्रक्रिया अनुसार भयो वा भएन वा ५ बुँदे त्रुटि सुधारको कानुनी आधार के हो ? कुन कानुन अनुसार त्रुटि सुधारको पत्र संसद् सचिवालयमा पठाएको हो ? यसबारे अर्थमन्त्री वाग्लेले कुनै जवाफ दिएका छैनन् ।

### मन्त्रिपरिषद्का मुख्य तीन निर्णय...

रावल आयोगको प्रतिवेदन कार्यान्वयनः

सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षण सम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन, २०५२ कार्यान्वयन गर्न भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको छ ।

**संविधान संशोधन कार्यदलको म्याद थपः**

संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदलको म्याद आगामी असार मसान्तसम्मका लागि थप गरिएको छ । प्रधानमन्त्री बालेन्द्र शाहका प्रमुख राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा रहेको उक्त कार्यदलको म्याद सरकारले एक महिना थप गरेको हो। लेखामान बोर्डको अध्यक्ष मनोनयनः सरकारले लेखामान बोर्डको अध्यक्ष पदमा सिन्धुपाल्चोक निवासी रमेशकुमार धितालालाई मनोनयन गर्ने निर्णय गरेको छ ।

## योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिवद्धता

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं बार्षिकोत्सब भव्यताका साथ मनाऔं ।

**लोक सेवा आयोगको प्रतिवद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# बक्स अफिसको अंकगणितमा 'लालीबजार' अगाडि

तीमध्ये बक्स अफिसको अंकगणितमा 'लालीबजार' सबैभन्दा अगाडि देखिएको छ।

प्रदर्शनरत ६ वटा नेपाली फिल्म मध्य गत वैशाख २५ गतेबाट प्रदर्शनमा आएको 'लालीबजार'ले जेठ ३१ गते आइतबार सम्म ९ करोडमाथिको व्यापार गरेको चलचित्र विकास बोर्डको तथ्यांकमा देखिन्छ। यो फिल्मले अघिल्लो आइतबारसम्म ८ करोड ७८ लाख ५ हजार १९८ रुपैयाँ कमाएको थियो। यसको कुल कमाइ ९ करोड १६ लाख ६५५ रुपैयाँ ग्रस छ।

यस्तै, जेठ १५ गते प्रदर्शन भएको फिल्म 'रोल नं. १'ले जेठ ३१ गतेसम्म ४७ हजार १५१ वटा टिकट बिक्री गर्दै १ करोड ३५ लाख १५ हजार ९९३ रुपैयाँ ग्रस कमाएको छ। यसले अघिल्लो आइतबारसम्म ९४ लाख ९१ हजार ६८० रुपैयाँ कमाएको थियो। यसरी हेर्दा फिल्मले पछिल्लो सात दिनमा ४० लाख २४ हजार ३१३ रुपैयाँ कमाएको छ।

'मितज्यू'ले भने पछिल्लो सात दिनमा १ लाख ४१ हजार ४ सय ८३ रुपैयाँ मात्र कमाएको छ। यसको अघिल्लो आइतबारसम्मको कमाइ १ करोड ३१ लाख ११ हजार ८५९ रुपैयाँ थियो। हिजो आइतबारसम्म फिल्मले १ करोड ३२ लाख ५३ हजार ३४२ रुपैयाँ कमाएको बोर्डको तथ्यांकमा देखिन्छ। यसका अहिलेसम्म ४६ हजार १५४ वटा टिकट बिक्री भएका छन्।




'मितज्यू'सँग एकसाथ प्रदर्शनमा आएको 'काजी'ले जेठ ३१ गतेसम्म ४४ लाख ४८ हजार ६० रुपैयाँ ग्रस कमाएको छ। यसमा पछिल्लो सात दिनको योगदान जम्मा ९ हजार ७५ रुपैयाँ मात्र छ। फिल्मले अघिल्लो आइतबारसम्म ४४ लाख ३८ हजार ९८५ रुपैयाँ कमाएको थियो। फिल्मको टिकट बिक्रीको संख्या भने १४ हजार ३२४ छ।

त्यस्तै, जेठ १ गते प्रदर्शन भएको 'लाइफ ड्यामेज'ले पछिल्लो सात दिनमा २६ हजार २ सय ७५ रुपैयाँ कमाएको छ। यो फिल्मको गत जेठ २४ गतेसम्मको कमाइ ३४ लाख ४० हजार १५ रुपैयाँ थियो। आइतबारसम्म फिल्मको कुल व्यापार ३४ लाख ६६ हजार २ ९० रुपैयाँ पुगेको छ। यसका ११ हजार ३७१ वटा टिकट बिक्री भएको बोर्डको विवरणमा उल्लेख छ।

## 'लालीबजार' हिट भएपछि रिलिज भयो 'मैं राम्री छु त नि' गीत

काठमाडौं- यस वर्षको पहिलो 'क्लिन हिट' फिल्म 'लालीबजार' प्रदर्शनमा आएको एक महिनाभन्दा बढी भइसकेको छ। अहिलेसम्म फिल्मले बक्स अफिसमा ९ करोडको आँकडा पार गरिसकेको छ। अझै पनि काठमाडौंसहित विभिन्न सहरका हलहरूमा दर्शकको चाप सुखद रहेकाले फिल्मले आगामी सातासम्म दोहोरो अंकको व्यापार गर्ने निश्चित देखिन्छ।

फिल्मले ठूलो व्यावसायिक सफलता हासिल गरेसँगै शुक्रबार निर्माण पक्षले फिल्ममा समावेश 'मैं राम्री छु त नि मेरो केको दोष' गीतको पूरा अंश दर्शकमाझ ल्याएको छ। फिल्म प्रदर्शन हुनुअघि यो गीतको सानो अंश युट्युबमा सार्वजनिक गरिएको थियो, जसमा हजारौं टिकटक, रिल्स, र शर्टस् बनिसकेका छन्। यसको पूरा अंश भने दर्शकले फिल्ममा मात्र हेर्न पाएका थिए।

## 'रोल नं १' देखाउन विद्यालयहरूबीच प्रतिस्पर्धा



बाल मनोविज्ञानको कथामा आधारित फिल्म 'रोल नं १'ले आफ्नो लक्षित दर्शकको साथ पाउन थालेको छ। केही दिनयता उल्लेख्य रूपमा बालबालिकाहरू अभिभावकको साथमा हल पुगिरहेका छन्। पूर्वदेखि पश्चिमसम्मका विद्यालयहरूमा त विद्यार्थीहरूलाई फिल्म देखाउने प्रतिस्पर्धा नै चलेको छ। जसले फिल्मको व्यापारमा ठूलो फाइदा पुगेको छ। हिजो शनिबार देशभरका करिब एक दर्जन विद्यालयहरूले हल नै बुक गरेर विद्यार्थीहरूलाई फिल्म देखाएका थिए। काठमाडौंसहित धनगडी, कैलाली, कोहलपुर, नेपालगञ्ज, इटहरी, मोरङ, बाँके जस्ता सहरमा दैनिक यो क्रम जारी रहेको सह-निर्माता रमेश चौलागाईंले जानकारी दिए। देशभरका विद्यालयहरूले स्वतःस्फूर्त रूपमा फिल्म देखाइरहेको उनको भनाइ छ।

फिल्मका निर्माता विनोद पौडेलले फिल्मलाई स्कुलदेखि अभिभावकसम्मको साथ मिलेकोमा खुसी व्यक्त गरे। उनले भने, 'हाम्रो फिल्मलाई विधार्थी, स्कुल र अभिभावक सबैको साथ मिलेको छ। विद्यार्थी आउँदा हामी बुवाआमालाई पनि लिएर आउँछौं भनिरहनुभएको छ। बुवाआमा आएर हेर्दा छोरोछोरीलाई पनि देखाउँछौं भन्नुहुन्छ। यो हाम्रो लागि ठूलो उपलब्धि हो।'

जोन योञ्जनको निर्देशन रहेको यस फिल्ममा मुकुन भुसाल, सुशांक मैनाली, रेणु नाथ योगी, एवन राज उप्रेती, सुवास गजुरेल, सिर्जना अधिकारी, निर्भिक रेग्मी, रिन्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठलगायतका कलाकारहरूको अभिनय देख्न सकिन्छ। फिल्मले बालबालिकालाई अभिभावकले दिने पढाइको दबाब र त्यसले पार्ने प्रभावको कथा पेस गरेको छ।

## जितु नेपाल : दीपक–दीपाको साथमा हिट

अभिनेता जितु नेपालले करिब ५-६ वर्ष दीपकराज गिरी र दीपाश्री निरौलाको समूहमा रहेर काम गरे। यो बीचमा उनले अभिनय गरेका '६ एकान ६'देखि 'छ माया छपक्कै'सम्म सबै व्यावसायिक रुपमा सफल भए। तीमध्ये केही फिल्मबाट उनले सेयरबापत झन्डै एक करोडसम्म पाएका थिए। तर, 'छ माया छपक्कै'पछि एउटा घटनाले उनलाई यो समूहबाट अलग गरायो।

दीपक-दीपाको समूहबाट छुट्टिएपछि उनलाई फाइदा र घाटा दुवै भइरहेको देखिन्छ। यसअघि सहायक भूमिकामा सीमित भएका उनी उक्त समूहबाट अलग भएपछि मुख्य भूमिकामा काम गरिरहेका छन्। 'ह्यारी कि प्यारी' र 'ज्वाइँ साब' यसका उदाहरण हुन्। तर, उनले मुख्य भूमिकामा काम गर्ने अवसर पाए पनि हिट फिल्म भने पाउन सकेका छैनन्।

'छक्का पञ्जा' समूहबाट बाहिर आएपछि उनले काम गरेको पहिलो फिल्म 'ह्यारी कि प्यारी' थियो। फिल्मको कथाको केन्द्रमा उनी नै थिए। तर, फिल्म बक्स अफिसमा नराम्रोसँग पिटियो। यसपछि उनले 'ज्वाइँ साब'मा काम गरे। यसले पनि उनलाई हिटको खुसी दिन सकेन। गत वर्ष उनको नयाँ फिल्म 'कार्साङ' रिलिज भयो। यसबाट त उनले फ्लपमा 'ह्याट्रिक' नै पूरा गरे। दीपक-दीपाको समूहबाट अलग भएपछि हिटविहीन बनेका जितु अब एकपटक फेरि बक्स अफिसमा स्टारडमको परीक्षा दिँदैछन्। उनी आफैँले निर्माण गरेको फिल्म 'आइएम जितबहादुर' अर्को साता प्रदर्शन हुँदैछ। 'फ्लप हिरो'को ट्याग पखाल्न पनि उनलाई यो फिल्म सफल हुनैपर्ने चुनौती देखिन्छ। त्यसमाथि आफैँ निर्माता भएकाले उनी झन् ठूलो दबाबमा छन्।

## 'छ माया छपक्कै २'मा देखिँदै रिहान, छैनन् केदार र जितु




दीपकराज गिरी र दीपाश्री निरौला समूहको नयाँ फिल्म 'छ माया छपक्कै २'को यतिबेला नुवाकोटमा छायांकन भइरहेको छ। छायांकनको अन्तिम चरणमा रहेको फिल्मको कलाकारको पूर्ण लाइनअप अझै सार्वजनिक भइसकेको छैन। दीपकराज गिरी, केकी अधिकारी, सनिशा भट्टराई र निर्मल शर्माबाहेक अन्य कलाकारको नाम गोप्य राखिएको छ।

तर, भनिन्छ नि- 'जति लुकायो, त्यति नै देखिन्छ।' निर्माताले कलाकारहरूको नाम लुकाउने हरसम्भव प्रयास गरिरहेका भए पनि फिल्मका एक मुख्य कलाकारले भने सामाजिक सञ्जालमार्फत फिल्ममा आफू आबद्ध रहेको जानकारी दिएका छन्। ती कलाकार हुन्, रिहान गिरी। उनले हालै छायांकन सेटको एक भिडियो फेसबुकमा सेअर गर्दै नयाँ प्रोजेक्ट सुरु भएको जनाएका छन्।

'होस्टेल ३'बाट अभिनय करिअर सुरु गरेका रिहानको 'छ माया छपक्कै २' तेस्रो फिल्म हो। उनले हालसालै आफ्नो दोस्रो फिल्म 'आहुति'को छायांकन सकाएका थिए। उनी चाँडै फिल्म 'तिमी मेरो म तिम्रो'मा पनि काम गर्दैछन्। 'द भ्वाइस अफ नेपाल'मा सहभागी भएपछि चर्चामा आएका उनी पछिल्लो समय गायनभन्दा अभिनयमा बढी सक्रिय देखिएका छन्।

दीपेन्द्र लामाको निर्देशनमा बनिरहेको 'छ माया छपक्कै २'मा यसपटक पहिलो भागका दुई मुख्य कलाकार केदार घिमिरे र जितु नेपाल दुवै देखिने छैनन्। फिल्ममा केदारले भने अभिनय गर्ने निश्चित नै थियो। तर, उनी केही महिनादेखि अमेरिकामा छन्। ग्रीन कार्ड लिने प्रक्रियामा रहेका उनी तत्काल नेपाल आउन नमिल्ने भएपछि उनको ठाउँमा अरु नै कलाकार राखिएको छ।

## 'गंगा रानी'मा वर्षाको जोडी बन्दै रोशन

काठमाडौं- राजबहादुर सानेको निर्देशनमा बन्न लागेको फिल्म 'गंगा रानी'मा मुख्य अभिनेताको टुंगो लागेको छ। निर्माण टिमले अडिसनबाट रोशन केसीलाई फिल्ममा अनुबन्धित गरेको हो।

फिल्ममा यसअघि नै अभिनेत्री वर्षा सिवाकोटी मुख्य भूमिकामा अनुबन्धित भइसकेकी छन्। रोशन उनको जोडीको रूपमा प्रस्तुत हुनेछन्। केही म्युजिक भिडियोमा अभिनय गरिसकेका उनी 'गंगा रानी'लाई लिएर उत्साहित देखिएका छन्। उत्कृष्ट कथा र अनुभवी टिमसँग काम गर्न पाउनु आफ्नो लागि ठूलो अवसर रहेको उनको भनाइ छ।

निर्देशक सानेका अनुसार अहिले डिजिटल अडिसनबाट प्राप्त फोटो तथा भिडियोको आधारमा थप तीन अभिनेता र तीन अभिनेत्री छनोट गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ। 'अडिसनमा सहभागी भएका प्रतिभाहरूमध्ये पात्र सुहाउँदो र राम्रो अभिनय गर्ने कलाकारहरू छनोट गरिरहेका छौं। अन्य कलाकारको




नाम पनि छिट्टै सार्वजनिक गर्नेछौं,' उनले भने।

आहा फिल्म्सको प्रस्तुतिमा निर्माण हुने फिल्मका निर्माता कमलप्रसाद शर्मा हुन्। कमलले यसअघि 'लज्जावती' निर्माण गरिसकेका छन्। निर्देशक साने स्वयंको लेखन रहेको फिल्मको छायांकन आगामी भदौ दोस्रो साताबाट सुरु गर्ने तयारी गरिएको छ। फिल्मले धनाड्य युवती र संगीत क्षेत्रमा संघर्षरत मध्यम वर्गीय युवकबीचको मर्मस्पर्शी प्रेमकथा प्रस्तुत गर्ने जनाइएको छ।

## कंगनाको 'भारत भाग्य विधाता'को हरिबिजोग

एक समय अभिनेत्री कंगना रनौतलाई बलिउडको 'हिट मेसिन' भन्ने गरिन्थ्यो। किनकि, उनका फिल्म विरलै असफल हुन्थे। करिअरको उत्कर्षमा रहँदा उनका 'तनु वेड्स मनु', 'वन्स अपन ए टाइम इन मुम्बई', 'तनु वेड्स मनु रिटर्न्स', 'कृष ३' जस्ता फिल्म सफल भएका थिए। यिनै फिल्मका कारण उनको बलिउडमा माग र पारिश्रमिक ह्वात्तै बढेको थियो।

तर, केही वर्षयता उनको फिल्म करिअरमा पहिरो नै आएको छ। उनका फिल्महरू लगातार असफल भइरहेका छन्। रोचक कुरा के छ भने गएको ११ वर्षमा उनले एउटा पनि हिट पाएकी छैनन्। यो बीचमा उनका १० वटा फिल्म असफल भए। अब यो संख्या ११ पुग्ने देखिन्छ। किनकि, उनी अभिनीत नयाँ फिल्म 'भारत भाग्य विधाता'ले पनि फ्लपको संकेत गरिसकेको छ।

गत शुक्रबारबाट प्रदर्शनमा आएको यो फिल्मले दुई दिनमा २ करोड ४५ लाख ग्रस कमाएको छ। एक करोडको ओपनिङ गरेको फिल्मले दोस्रो दिन १ करोड ४५ लाख कमाएको थियो। आइतबार फिल्मले एक करोडसम्म कमाउने अनुमान गरिएको छ। सोमबारबाट फिल्मको व्यापार लाखमा झर्ने भारतीय ट्रेड एनालिस्टहरूको विश्लेषण छ।

'भारत भाग्य विधाता' कंगनाको करिअरकै सबैभन्दा कमजोर सुरुवात गर्ने फिल्म समेत बनेको छ। यसअघि उनको सबैभन्दा कमजोर ओपनिङ गर्ने फिल्म 'तेजस' (२०२३) थियो, जसले पहिलो दिन १ करोड २५ लाख कमाएको थियो। ६० करोडमा निर्माण भएको 'भारत भाग्य विधाता'ले दयनीय व्यापार गरेपछि यतिबेला बलिउडमा कंगनाको युग सकिएको विश्लेषण भइरहेको छ।

## 'माग्ने बुढा' अमेरिका बस्नुको कारणबारे सीताले के भनिन् ?

हास्य कलाकार केदार घिमिरे (माग्ने बुढा) करिब ६ महिनादेखि अमेरिकामा छन्। उनी ग्रीन कार्ड लिने प्रक्रियामा रहेकाले अमेरिका बसिरहेको बताइन्छ। यद्यपि, यसबारे उनले अहिलेसम्म कुनै जानकारी दिएका छैनन्। उनी तत्काल नेपाल नआउने भएपछि दीपक-दीपा समूहको नयाँ फिल्म 'छ माया छपक्कै २'मा समेत उनको ठाउँमा अर्को कलाकार लिइएको छ।

केदारले अमेरिकको ग्रीन कार्ड लिन लागेको खबर बाहिरिरहँदा उनकी श्रीमती तथा कलाकार सीतादेवी तिमल्सिनाले भने त्यसको खण्डन गरेकी छन्। बिहीबार फिल्म 'गौँथली'को गीत रिलिज कार्यक्रममा उनले श्रीमान् लामो समयदेखि अमेरिका बस्नुको कारण छोरीलाई देखाइन्। उनका अनुसार छोरी बिरामी भएकाले केदार अमेरिका बसिरहेका हुन्।

श्रीमानलाई कति मिस गर्नुहुन्छ भन्ने पत्रकारको प्रश्नमा उनले भनिन्, 'मिस त अवश्य हुन्छ नै। तर, मिस भयो भनेर आफ्नो कर्तव्यबाट विमुख हुनु पनि भएन। मैले आज भनें, हाम्री छोरी अमेरिका छिन्। छोरीलाई स्वास्थ्यले अलि साथ नदिएका कारण उहाँ छोरीलाई सहयोग गरेर बस्नुभएको छ।

## 'गौँथली'को गीतमा बेहुला–बेहुली बने अरुण र सिम्रन

आगामी साउन १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'गौँथली'को पहिलो गीत 'आँखाभरि आँसु' सार्वजनिक गरिएको छ। बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच निर्माताले थानेश्वर गौतम र शान्तिश्री परियारको स्वरमा रहेको उक्त गीत दर्शकमाझ ल्याएका हुन्। गीतमा डा. भोला रिजालको शब्द तथा गायक गौतम स्वयंको संगीत रहेको छ। तीन दशकअघि गाउँघरमा हुने विवाहको परिवेशमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी अरुण क्षेत्री र सिम्रन पन्तलाई केन्द्रमा राखिएको छ। उनीहरूको विवाह भइरहेको भिडियोमा देख्न सकिन्छ। माइतीघर छाडेर जान लागेकी छोरीले परिवारप्रति गरेको गुनासो र आमाबुबाले नरोई जान गरेको आग्रहलाई गीतले मर्मस्पर्शी रूपमा प्रस्तुत गरेको छ।

डा. भोला रिजालका छोरा डा. कपिल रिजालको निर्देशनमा बनेको यस फिल्ममा अरुण र सिम्रनसहित मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, अरुण क्षेत्री, लुनिभा तुलाधर, रविन्द्र झा, ईश्वरी बराल, संयोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिना, अंशु ओली, प्रिन्स नेपाली, राजेन्द्र नेपालीलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ४५,
२०८३ साल असार २ गते मंगलबार
16 JUNE 2026, TUESDAY

# महिलाका लागि ‘ब्लु बस’ संचालनको तयारी

काठमाडौं- सरकारले १०० बुँदे कार्ययोजनामा घोषणा गरेको ‘ब्लु बस’ संचालनका लागि मोडालिटी तयारीलाई तीव्रता दिएको छ ।

महिलाको सुरक्षित सार्वजनिक आवागमन सुनिश्चित गर्ने लक्ष्यसहित ल्याइएको कार्यक्रम कार्यान्वयनको चरणमा प्रवेश गर्न लागेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको निर्देशनपछि पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको यातायात व्यवस्था विभागले प्रारम्भिक गृहकार्य अघि बढाएको छ । विभागले साझा यातायातसँग सहकार्य गरी पहिलो चरणमा ८ वटा बस संचालन गर्ने प्रस्ताव तयार पारेको छ । उक्त प्रस्ताव अहिले मन्त्रालयस्तरीय छलफलमा छ । ‘ब्लु बस’ कार्यक्रम वर्तमान सरकारको प्राथमिकतामा रहेको योजनामध्ये एक हो । बालेन्द्र शाह नेतृत्वको सरकारको शासकीय सुधारका लागि एक सय कार्यसूचीको ९७ नम्बर बुँदामा महिलाको सुरक्षित आवागमन सुनिश्चित गर्न सातै प्रदेशमा ब्लु बस संचालन गर्ने उल्लेख गरिएको थियो ।




गत चैत तेस्रो साता सार्वजनिक गरिएको कार्यसूचीमा आगामी १०० दिनभित्र पहिलो चरणमा कम्तीमा २५ वटा ब्लु बस संचालनमा ल्याउने लक्ष्य राखिएको थियो । यही योजनालाई कार्यान्वयनमा लैजान अर्थमन्त्री स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेटमा आवश्यक रकम व्यवस्था गरिएको घोषणा गरेका हुन् ।

सरकारले सार्वजनिक यातायातका साधनमा सीसी क्यामेरा जडानलाई अनिवार्य बनाउने नीति अघि सारेको छ । राइड सेयरिङ एपहरूमा एसओएस बटनको व्यवस्था पनि अनिवार्य गरिने भएको छ । महिलाको सुरक्षालाई केन्द्रमा राखेर विभिन्न नीतिगत सुधार अघि बढाइँदै छ ।

यातायात व्यवस्था विभाग र साझा यातायातबीच भएको प्रारम्भिक छलफलले ब्लु बस संचालन खर्चको अनुमानसमेत तयार पारेको छ । विभागका अनुसार एउटा विद्युतीय बस संचालन गर्न दैनिक करिब १० हजार रुपैयाँ खर्च लाग्नेछ । त्यसअनुसार वार्षिक खर्च करिब ३६ लाख रुपैयाँ पुग्ने अनुमान गरिएको छ ।

यदि प्रारम्भिक चरणमा ८ वटा विद्युतीय बस संचालन गरिए वार्षिक २ करोड ८८ लाख रुपैयाँ आवश्यक पर्नेछ । डिजेल बस संचालनको लागत भने अझ बढी हुने देखिएको छ । एउटा डिजेल बसका लागि दैनिक करिब १५ हजार रुपैयाँ खर्च हुने अनुमान छ । त्यसअनुसार वार्षिक खर्च ५४ लाख रुपैयाँ पुग्नेछ ।

८ वटा डिजेल बस संचालन गर्दा वार्षिक ४ करोड ३२ लाख रुपैयाँ खर्च लाग्ने विभागको गणना छ । सरकारले घोषणा गरेअनुसार २५ वटा विद्युतीय बस संचालन गरिए वार्षिक करिब ९ करोड रुपैयाँ बजेट आवश्यक पर्ने देखिन्छ । प्रस्तावित योजनाअनुसार बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म नियमित सेवा संचालन गरिनेछ । महिलाले निःशुल्क यात्रा गर्न पाउने व्यवस्था गरिनेछ । बसभित्र सुरक्षा निगरानी, आवश्यक प्राविधिक सुविधा तथा सेवामुखी मापदण्ड लागू गरिने तयारी छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सुरक्षासम्बन्धी कार्यविधिको मस्यौदा तयार गरिरहेको छ । यात्रुको पहिचान, सेवा उपयोगको मापदण्ड तथा निगरानी प्रणालीबारे समेत छलफल भइरहेको स्रोतले जनाएको छ ।

सरकारको स्वामित्वमा रहेको साझा यातायातमार्फत सेवा सुरु गर्दा अतिरिक्त पूर्वाधार निर्माणको आवश्यकता नपर्ने निष्कर्ष निकालिएको छ । उपलब्ध स्रोत र संरचनालाई प्रयोग गरेर सेवा संचालन गर्ने रणनीति बनाइएको छ । आवश्यकता अनुसार विस्तार गर्ने योजना पनि सरकारको छ ।

संचालन खर्च व्यवस्थापनका लागि सरकारी अनुदानबाहेक अन्य विकल्पबारे पनि छलफल भइरहेको छ । निजी क्षेत्रको व्यावसायिक सामाजिक उत्तरदायित्व कोष तथा साझेदारी मोडेल प्रयोग गर्ने सम्भावना अध्ययन भइरहेको विभागले जनाएको छ ।

‘ब्लु बस’ अवधारणा सुरुमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले अघि सारेका हुन् । २०८० वैशाखमा चितवन-२ मा महिलाका लागि निःशुल्क बस सेवा संचालनमा ल्याएका थिए । उक्त बस ३२ सिट क्षमताको थियो ।

शक्तिखोरदेखि भरतपुरका विभिन्न क्षेत्रमा सञ्चालन गरिएको बसले महिलालाई निःशुल्क यात्रा सुविधा दिएको थियो । बसमा यात्रा गर्न यात्रुले लामिछानेको फोटोसहितको विशेष कार्ड लिनुपर्ने व्यवस्था गरिएको थियो । मासिक १ लाख ३५ हजार रुपैयाँ भाडामा लिइएको बस भीमबहादुर तामाङको नाममा रहेको बताइएको थियो ।

# हिरो एक्सपल्स २१० नेपाली बजारमा




काठमाडौं- एडभेन्चर सेग्मेन्टको हिरो एक्सपल्स २१० नेपाली बजारमा आएको छ ।

उक्त बाइक हिरो मोटोकर्पको नेपालका लागि आधिकारिक बिक्रेता सीजी मोटर्सले शनिबार सार्वजनिक गरेको हो । नयाँ एड्भेन्चर मोटरसाइकल एक्सपल्स २१० ले पुरानो एक्सपल्स २०० फोर भीभन्दा बढी शक्तिशाली इन्जिन, आधुनिक प्रविधि र अफ-रोड क्षमतासहित बजारमा प्रवेश गरेको छ । नयाँ एक्सपल्स २१० मा लिक्विड-कुल्ड, फ्युल-इन्जेक्टेड इन्जिन छ । यो इन्जिनले २४.२ बीएचपी शक्ति र २०.७ न्युटन मिटर टर्क उत्पादन गर्छ । बाइकमा ६-स्पिड गियरबक्स, स्लिपर क्लच तथा राइड-बाइ-वायर प्रविधि समावेश छ । बाइकमा ४.२ इन्चको टीएफटी डिजिटल डिस्प्ले, ब्लुटुथ कनेक्टिभिटी, टर्न-बाइ-टर्न नेभिगेसन, यूएसबी टाइप-सी चार्जिङ पोर्ट, ट्र्याक्सन कन्ट्रोल तथा तीनवटा एबीएस मो जस्ता आधुनिक फिचर उपलब्ध छन् । अफ-रोड राइडिङलाई लक्षित गर्दै यसमा २१ इन्च अगाडिको र १८ इन्च पछाडिको स्पोक ह्विल, लामो ट्राभलको सस्पेन्सन, २२० मिमी ग्राउन्ड क्लियरेन्स तथा डुअल-च्यानल एबीएस जडान गरिएको छ । बाइकको सिट डिजाइन उचाइ र आरामबीच सन्तुलन मिलाएर बनाइएको छ, जसले अफ-रोड र हाईवे दुवैमा सहजता दिन्छ ।

नेपालमा एक्सपल्स २१० को मूल्य ५ लाख ९९ हजार रुपैयाँ निर्धारण गरिएको सीजी मोटर्सले जनाएको छ । कम्पनीले यो मोटरसाइकल विभिन्न रङ र संस्करणमा उपलब्ध गराउने जनाएको छ । नेपालमा साहसिक यात्रा र अफरोड राइडिङप्रति आकर्षण बढिरहेका बेला हिरो एक्सपल्स २१० को आगमनले यो वर्गको मोटरसाइकल बजारमा प्रतिस्पर्धा थप बढाउने अपेक्षा गरिएको बिक्रेता कम्पनीको भनाइ छ ।

# बजेटपछि सुजुकी ई-भिटारा सस्ता




काठमाडौं । सीजी मोटोकर्पले सुजुकीको ई-भिटाराको मूल्य घटाएको छ ।

नेपालमा विद्युतीय सवारीसाधन बजारलाई लक्षित गर्दै मूल्य घटाएको हो । सरकारको नयाँ बजेटमार्फत भन्सार र कर संरचनामा गरिएको संशोधनपछि कम्पनीले सुजुकी ई-भिटाराका सबै भेरिएन्टमा १ लाख रुपैयाँसम्म मूल्य घटाइएको छ ।

यसअघि ४९ लाख ९९ हजार रुपैयाँ पर्ने ई-भिटारा डेल्टा भेरिएन्ट अब ४८ लाख ९९ हजार रुपैयाँमा उपलब्ध हुनेछ । ई-भिटारा जेटाको मूल्य ५२ लाख ९९ हजार, अल्फाको ५८ लाख ९९ हजार र अल्फा डीटीको मूल्य ५९ लाख ४९ हजार रुपैयाँ कायम गरिएको छ ।

सीजी मोटोकर्पले ई-भिटारालाई गत चैतमा पोखरामा सम्पन्न नाडा अटो शोमार्फत औपचारिक रूपमा नेपाली बजारमा सार्वजनिक गरेको थियो । सार्वजनिक भएसँगै चार फरक भेरिएन्टमा गाडी बिक्री वितरण हुँदै आएको छ ।प्राविधिक पक्षमा, ई-भिटारा दुई ब्याट्री विकल्प - ४९ किलोवाट आवर र ६१ किलोवाट आवरमा उपलब्ध छ । यीबाट क्रमशः १०६ किलोवाट र १२८ किलोवाटसम्म पावर उत्पादन हुने कम्पनीले जनाएको छ । शक्तिशाली प्रदर्शन र आधुनिक प्रविधिका कारण यो आफ्नो सेग्मेन्टमै प्रतिस्पर्धी ईभीका रूपमा उभिएको दाबी गरिएको छ । कम्पनीले सुरुवाती १०० ग्राहकलाई यही घटाइएको मूल्यमा गाडी उपलब्ध गराउने जनाएको छ । सीजी मोटोकर्पका प्रबन्ध निर्देशक करण चौधरीका अनुसार सरकारको नीतिगत सहजीकरणलाई उपभोक्तासम्म प्रत्यक्ष पुर्‍याउने उद्देश्यले मूल्य समायोजन गरिएको हो । हाल कम्पनीले देशभर २५ वटा बिक्री केन्द्र र ४० वटा सेवा केन्द्रमार्फत सेवा प्रदान गर्दै आएको छ । साथै, दक्ष ईभी प्राविधिकसहितको सञ्जालका कारण सेवा विस्तारमा आफू अग्रस्थानमा रहेको कम्पनीको दाबी छ ।

# लक्ष्मी हुन्डाईलाई अन्तर्राष्ट्रिय ‘सर्भिस पर्फर्मेन्स अवार्ड’

काठमाडौं। लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि.ले हुन्डाई मोटर कम्पनीबाट प्रतिष्ठित ‘इन्डिया, मिडल इस्ट एन्ड अफ्रिका सर्भिस पर्फर्मेन्स अवार्ड’ प्राप्त गरेको छ ।

उच्च ग्राहक सन्तुष्टिका आधारमा कम्पनीलाई उक्त सम्मान प्रदान गरिएको हो । धेरैजसो अटोमोबाइल ब्रान्डहरू बिक्री र शोरुममा केन्द्रित भइरहेका बेला लक्ष्मी हुन्डाईले भने बिक्रीपछिको सेवालाई आफ्नो मुख्य शक्तिका




रूपमा विकास गर्दै आएको छ । ग्राहकलाई गाडी प्रयोगभर भरपर्दो सेवा उपलब्ध गराउने लक्ष्यसहित कम्पनीले सेवा केन्द्रहरूको सञ्जाल विस्तार, कर्मचारीको दक्षता अभिवृद्धि र पूर्वाधार आधुनिकीकरणमा निरन्तर लगानी गरिरहेको जनाएको छ ।

अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व गर्दै लक्ष्मी हुन्डाईले ग्राहक सेवामा विश्वस्तरीय मापदण्ड कायम गर्दै यस्तो पुरस्कार जित्नु देशकै लागि गौरवको विषय बनेको छ ।

## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसाग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### ‘आईसीएआर भी२३’ मा अफर

# सीमित स्टकका लागि पुरानै मूल्य ५०.९९ लाख कायम

काठमाडौं । नेपालका लागि आईसीएआर ब्रान्डको आधिकारिक वितरक एसपीजी अटोमोबाइल्सले ‘आईसीएआर भी२३’ मा सीमित स्टक अफर घोषणा गरेको छ । कम्पनीले ग्राहकहरूको बढ्दो मागलाई ध्यानमा राख्दै उक्त इलेक्ट्रिक एसयूभीलाई पुरानै मूल्य ५० लाख ९९ हजार रुपैयाँमै उपलब्ध गराउने जनाएको छ । हालै सार्वजनिक भएको राष्ट्रिय बजेटपछि कर तथा राजस्व संरचनामा भएको परिवर्तनका कारण ‘आईसीएआर भी२३’ को आधिकारिक मूल्य ५३ लाख ९९ हजार रुपैयाँ कायम गरिएको छ । तर, ग्राहकप्रतिको कृतज्ञता स्वरूप कम्पनीले सीमित संख्यामा उपलब्ध स्टकका लागि पुरानै मूल्यमै बिक्री गर्ने निर्णय गरेको हो ।

यस अफरमार्फत ग्राहकहरूले करिब ३ लाख रुपैयाँसम्म प्रत्यक्ष बचत गर्न सक्नेछन् । कम्पनीका अनुसार स्टक सकिएपछि नयाँ बुकिङ तथा डेलिभरीहरू संशोधित मूल्यअनुसार हुनेछन् ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार